# पूजाहरूका वधहरूको बारेमा बारेमा ज्ञान

## (पवत्रताको बारेमा फतवाहरू)

[ नेपाली - Nepali - نيبالي ]


## लेखक

शैख मुहम्मद बिन सालेह अल उसैमीन

## अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

## संशोधकः

मुहम्मद इदरीस सलफी

# فقه العبادات

## (فتاوى الطهارة )

[ नेपाली - Nepali - نيبالي ]

تأليف
الشيخ محمد بن صالح العثيمين

ترجمة
عتيق الرحمن محمد إدريس خان مكي

المراجعة
محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

## सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।


To connect translator: 0501372254

للتواصل مع المترجم: 0501372254

अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४



प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.

नि:शुल्क वितरणको लागि मात्र


## पुस्तक पाइने ठेगाना -:


इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१९४३७७५८

सउदी नं. 00966-0501372254

इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गऱ्यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवसपूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका

घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका पूजा र त्यसका विधिहरूको बारेमा छ यसको लेखक इस्लामका महान विद् शैख मुहम्मद बनि सालेह अल् उसैमीन ज्यू हुनुहुन्छ जुन सउदी अरबका महान विद्हरूमध्ये एक थिए, उहाँले यस किताबमा विशेषरूपले पूजाको बारेमा र त्यससित सम्बन्धित समस्याहरूबारे संक्षेपमा कुरा गरेका छन् । यस किताबको विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गर्नुको लागि मनोनीत गरेको छु । र किताबको यो खण्ड जुन तपाईहरूको हातमा छ यसमा विशेषरूपले पवित्रतासित सम्बन्धित कुराहरूलाई प्रष्ट गरिएको छ, यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गासित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा

निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# पवित्रताको बारेमा फतवाहरू

## पवित्रताको वास्तविकता

प्रश्न: (६४) आदरणीय शैख ज्यू, पवित्रता के हो ?

उत्तर: पवित्रताको अर्थ हो: स्वच्छता । र वैधानिक तौरले यसका दुई थरी छन्: जाहेरी पवित्रता, र अलौकिक पवित्रता । र अलौकिक पवित्रताको अर्थ हो: हृदयलाई बहुदेववाद र बिदअतको फोहोरबाट पवित्र पार्नु, र अल्लाहका भक्तहरूसित व्यवहारिक रूपमा हृदयलाई कपट, ईर्ष्या, घृणा, अप्रियता ... आदिबाट स्वच्छ राख्नु ।

र जाहेरी पवित्रताको अर्थ हो: शारीरिक पवित्रता, र यसका पनि दुई थरी छन्: यस्ता कुराहरूबाट स्वच्छ हुनु जसबाट स्वच्छ हुनु नमाजको लागि शर्त छ, र आर्को अपवित्रता र फोहोरबाट आफूलाई पवित्र गर्नु ।

त पहिला हामी अदृश्य (मअ्नवी) पवित्रताको बारेमा कुरा गर्दछौं: र त्यो हो बहुदेववाद र

बिदअतको फोहोरबाट आफ्नो हृदयलाई स्वच्छ पार्नु । र यो अल्लाहको हकसित संलग्न छ, र यो पवित्रताको सर्वोत्कृष्ट थरी हो । यसर्थ यसैमाथि समस्त पूजाहरू आधारित छन्, त त्यस मान्छेको पूजा आराधना शुद्ध हुँदैन जसको हृदय शिर्क बहुदेववादमा ग्रस्त होस्, र कुनै पनि बिदअत जसद्वारा अल्लाहको सामीप्यता प्राप्त गरिन्छ सही छैन । र बिदअत त्यसलाई भनिन्छ जसलाई अल्लाहले वैधानिक नगरेको होस्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَمَا مَنَعَهُمْ أَن تُقْبَلَ مِنْهُمْ نَفَقَٰتُهُمْ إِلَّآ أَنَّهُمْ كَفَرُوا۟ بِٱللَّهِ وَبِرَسُولِهِۦ ﴾ التوبة: ٥٤

अर्थ : उनीहरूको खर्च (दान) स्वीकार्य हुनमा यसबाहेक अरु कुनै कुरा बाधक छैन, कि उनीहरू अल्लाह र उसको रसूलको अवज्ञाकारी हुन् । (सूरतुत्तौबा ५४)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" من عمل عملاً ليس عليه أمرنا فهو رد"

[1] أخرجه مسلم ، كتاب الأقضية ، باب نقض الأحكام الباطلة ورد محدثات الأمور، رقم (1718).

अर्थ : जसले कुनै यस्तो कार्य गऱ्यो जसलाई गर्ने हाम्रो आदेश छैन भने त्यो कार्य अस्वीकृत छ । (मुस्लिम, किताबुल् अक्जियह, बाबु नकजिल् अहकामिल् बातिलह वरद्दु मुहदसातिल् उमूर, हदीस नं. १७१८)

यसर्थ जसले पनि ठूलो शिर्क गरिरहेको छ त्यसको नमाज र व्रत, हज्ज र जकात अर्थात कुनै पनि पूजा स्वीकार्य छैन । यसर्थ जुन व्यक्ति अल्लाह बाहेक कसै अरुलाई पुकार्दछ, वा अल्लाह बाहेकको पूजा अर्चना गर्दछ, त त्यसले अल्लाहको लागि गरेको पूजा पनि स्वीकार्य छैन, यद्यपि त्यो पूर्ण निष्ठाको साथ मात्र अल्लाहको लागि पूजा किन नगरोस् यस्तो अवस्थामा कि त्यो आर्कोतर्फ अल्लाहको साथ साझीदार पनि ठहराइरहेको छ ।

र यसै कारणलेगर्दा अल्लाहले बहुदेववादीहरूलाई अपवित्र भनेको छ । अल्लाहको फर्मान छः

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلْمُشْرِكُونَ نَجَسٌ فَلَا يَقْرَبُواْ ٱلْمَسْجِدَ ٱلْحَرَامَ بَعْدَ عَامِهِمْ هَـٰذَا ۚ ﴾

التوبة: ٢٨

अर्थ : हे ईमानवालाहरू ! निःसन्देह मुश्रिकहरू ( बहुदेववादीहरू) बिल्कुलै अपवित्र छन् । अतः यस वर्ष पश्चात उनीहरू मस्जिदे हरामको समीप पनि आउन नपाउँन् । (सूरतुत्तौबा २८)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो भन्नु भएको छ कि आस्थावान अपवित्र हुँदैन । उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

"إن المؤمن لا ينجس" (أخرجه البخاري ، كتاب الغسل ، باب عرق الجنب وأن المؤمن لا ينجس ، رقم (283)، ومسلم، كتاب الحيض، باب الدليل على أن المسلم لا ينجس ، رقم (371).

अर्थ : निःसन्देह आस्थावान मान्छे अपवित्र हुँदैन । (बुखारी, किताबुल् गुस्ल, बाबु अर्किल् जुन्बि वअन्नल् मुमिनु लायन्जस, हदीस नं. २८३ । र मुस्लिम, किताबुल् हैज, बाबुद्दलीलि अला अन्नल् मुमिनु लायन्जस, हदीस नं. ३७१)

त आस्थावान मान्छेको लागि यो आवश्यक छ कि यस्ता फोहोरहरूबाट आफ्नो हृदयलाई स्वच्छ राखोस्, र ठूलो शिर्कबाट टाढा नै रहोस् । र यस्तै यो पनि आवश्यक छ कि आस्थावान मान्छे आफ्नो हृदयलाई किना कपट, ईर्ष्या, घृणा आदिबाट पवित्र राखोस्, किनकि यी अवगुणहरू आस्थावानका विशेषतामध्येका होइनन्, किनकि आस्थावान मान्छे आस्थावानहरूको भाइ हो, जुन नत त्यसलाई अप्रिय ठान्दछ, नत त्यसमाथि अत्याचार र अन्याय गर्छ, नत त्यससित ईर्ष्या राख्दछ, बरु आफ्नो भाइको लागि पनि उस्तै भलाई चाहन्छ जसरी आफ्नो लागि चाहन्छ । यहाँसम्म कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यसलाई अनास्थावान भन्नु भएको छ जुन आफ्नो भाइको लागि पनि त्यही नरोजोस् जुन

आफ्नो लागि रोज्दछ, उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

" لا يؤمن أحدكم حتى يحب لأخيه ما يحب لنفسه" ( أخرجه البخاري ، كتاب الإيمان ، باب من الإيمان أن يحب لأخيه ما يحب لنفسه ، رقم (13)، ومسلم ، كتاب الإيمان ، باب نفي الإيمان عمن لا يحب لأخيه وجاره ما يحب لنفسه، رقم (45).

अर्थ : तिमीमध्ये कोही पनि तबसम्म आस्थावान हुन्सक्दैन जबसम्म त्यो आफ्नो भाइको लागि पनि त्यही नरोजोस् जुन आफ्नो लागि रोज्दछ । (बुखारी, किताबुल् ईमान, बाबु मिनल् ईमाने अन् युहिब्बु लिअखीहि मा युहिब्बु लिनफ्सिही, हदीस नं. १३ । र मुस्लिम, किताबुल् ईमान, बाबु नफियिल् ईमानि अम्मन् ला युहिब्बु लिअखीहि वजारिही मायुहिब्बु लिनफ्सिही, हदीस नं. ४५)

र हामी कतिपय यस्ता मानिसहरूलाई हेर्दछौं जुन पूजा गर्नेवाला, अत्याधिक नमाज र व्रतको पाबन्द

हुन्छन्, र अत्याधिक मस्जिदतिर जानेवाला हुन्छन्, तर उनीहरूको हृदयमा आफ्ना ती मुसलमान भाइहरूप्रति ईर्ष्या हुन्छ जिनलाई अल्लाहले आफ्नो अनुग्रहबाट अनुकम्पित गरेको हुन्छ, त यो ईर्ष्या उनीहरूका अधिकांश पूजाहरूलाई व्यर्थ गरिदिन्छ । यसर्थ हामीमध्ये सबैलाई यो आवश्यक छ कि यस प्रकारका फोहोरताबाट आफ्ना हृदयहरूलाई पवित्र र स्वच्छ राखौं, र आफ्नो मुसलमान भाइहरूसित ईर्ष्या ... आदि नराखौं ।

र रह्यो कुरो जाहेरी पवित्रताको कुरो त हामीले यसको बारेमा पनि अघि नै वर्णन गरिसकेका छौं कि यसका पनि दुई थरीहरू छन्: यस्ता कुराहरूबाट पवित्र हुनु जुन नमाजलाई आयोजित गर्नुमा बाधक हुन्छन्, र यसबाट पवित्र हुनु नमाजका शर्तहरूमध्येको हो । र आर्को गन्दगी (दिशा, पिशाब, आदि) फोहोरबाट पवित्रता ।

त पहिलो पवित्रता हो: ठूलो र सानो अपवित्रताबाट पवित्र हुनु । र यो यसरी कि सानो अपवित्रता भएमा चारवटै अंगहरूलाई पखालेर पवित्रता ग्रहण गर्नु, र ठूलो अपवित्रता भएमा

स्नान गरेर पवित्रता ग्रहण गर्नु, चाहे पानीद्वारा जसलाई यो उपलब्ध होस्, र यसको प्रयोगमाथि त्यो सूक्ष्म पनि होस् । वा तयम्मुम गरेर जुन पानी प्रयोग गर्नुमा सामर्थ्यवान नहोस् । र यसै सन्दर्भमा अल्लाहको यो फर्मान छः

﴿يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا قُمۡتُمۡ إِلَى ٱلصَّلَوٰةِ
فَٱغۡسِلُواْ وُجُوهَكُمۡ وَأَيۡدِيَكُمۡ إِلَى ٱلۡمَرَافِقِ
وَٱمۡسَحُواْ بِرُءُوسِكُمۡ وَأَرۡجُلَكُمۡ إِلَى ٱلۡكَعۡبَيۡنِۚ
وَإِن كُنتُمۡ جُنُبٗا فَٱطَّهَّرُواْۚ وَإِن كُنتُم مَّرۡضَىٰٓ أَوۡ
عَلَىٰ سَفَرٍ أَوۡ جَآءَ أَحَدٞ مِّنكُم مِّنَ ٱلۡغَآئِطِ أَوۡ لَٰمَسۡتُمُ
ٱلنِّسَآءَ فَلَمۡ تَجِدُواْ مَآءٗ فَتَيَمَّمُواْ صَعِيدٗا طَيِّبٗا
فَٱمۡسَحُواْ بِوُجُوهِكُمۡ وَأَيۡدِيكُم مِّنۡهُۚ مَا يُرِيدُ
ٱللَّهُ لِيَجۡعَلَ عَلَيۡكُم مِّنۡ حَرَجٖ وَلَٰكِن يُرِيدُ

لِيُطَهِّرَكُمْ وَلِيُتِمَّ نِعْمَتَهُۥ عَلَيْكُمْ لَعَلَّكُمْ

تَشْكُرُونَ ﴿٦﴾ المائدة: ٦

अर्थ : हे मोमिनहरू (आस्थावानहरू) ! जब तिमीले नमाज पढ्ने विचार गर्छौ तब मुख र कुइनो समेत हात धुनु र आफ्नो टाउकोको मसह (पानीले हात भिजाई निधारदेखि पछाडिसम्म स्पर्श) गर र आफ्ना खुट्टा गोली गाँठोदेखि छेपारीसम्म धोऊ, र यदि तिमी अपवित्र छौ भने स्नान गर, र यदि तिमी विरामी छौ वा यात्रामा छौ वा तिमीहरूमध्ये कोही शौचालयबाट ( दिशाबाट निवृत भएर) आएको छ वा तिमीले स्वास्नीसँग सहवास गरेका छौ र तिमीलाई पानी उपलब्ध छैन भने पवित्र माटोलाई स्पर्श गरी हात र मुखको मसह (स्पर्श) गर । अल्लाहले तिमीलाई अप्ठ्यारोमा पार्न चाहँदैन, बरु त्यो तिमीलाई पवित्र गर्न चाहन्छ र आफ्नो असीम कृपा तिमीलाई प्रदान गर्न चाहन्छ जसबाट तिमी कृतज्ञ भई नै रह । (सूरतुल् माइदा ६)

र रह्यो दोस्रो थरी फोहोरबाट पवित्रता: त यो ती समस्त फोहोरबाट पवित्रता ग्रहण गर्नु हो जसबाट पवित्रता ग्रहण गर्ने इस्लामीय विधानको आदेश छ, जसरी पिशाब र दिशाबाट पवित्रता ग्रहण गर्नु ... आदि, जसमाथि इस्लामीय विधानले यो प्रमाणीकरण गरेको छ कि त्यो अपवित्र छ । र यसै कारण विद्हरूले यो भनेका छन् कि पवित्रता याता हद्सबाट (हवा निस्कनुबाट पाद्नुबाट) वा खुबुसबाट (दिशा पिशाब आदिबाट) हुन्छ । र यसै सन्दर्भमा यो हदीस वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एक दिन आफ्ना साथीहरूलाई नमाज पढाउँदा आफ्नो जुत्तालाई निष्कासित गर्नु भयो, अनि मानिसहरूले पनि अआफ्ना जुत्ताहरूलाई निष्कासित गर्न थाले, त जब रसूल सल्लल्लाहो अलैहे वसल्लम नमाजलाई सम्पन्न गरे त सहाबाहरूसित सोधे कि अआफ्ना जुत्तालाई उनीहरूले किन निकाले ? त उनीहरूले भने: हामीले हेरें कि हजुरले आफ्नो जुत्ता निकालिहाल्नु भएको छ त हामीहरूले पनि

अआफ्ना जुत्तालाई निकालिहालें, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

) "إن جبريل أتاني فأخبرني أن فيهما أذى"

أخرجه أبو داود ، كتاب الصلاة ، باب الصلاة في النعل، رقم (650)، وأحمد في المسند(411/3).

अर्थ : हजरत जिब्रील आएर मसित भने कि मेरो जुत्तामा गन्दगी (दिशा) लागेको छ, यसै कारण मैले जुत्ता निकालेको थिएँ । (अबू दाऊद, किताबुस्सलात, बाबुस्सलाति फिन्नअ्ल, हदीस नं. ६५० । र अहमद फिल् मुस्नद ३/४११)

त यो नै पवित्रताको बारेमा संक्षिप्त वर्णन थियो ।

## पवित्रता ग्रहण गर्ने वास्तविक कुरा (वस्तु) के हो

प्रश्न: (६५) आदरणीय शैख ज्यू, वास्तवमा पवित्रता कुन कुराद्वारा ग्रहण गरिन्छ ?

उत्तरः पवित्रता ग्रहण गर्ने मूल कुरो (तथ्य) पानी हो, र पानी बाहेक कुनै कुराद्वारा पवित्रता ग्रहण गरिदैन चाहे त्यो पानी स्वच्छ होस् वा कुनै पवित्र कुराको मिश्रणलेगर्दा त्यसको रंग परिवर्तित भइसकेको होस् । किनकि यस विषयमा सत्य कुरो यो नै हो कि जब पानी कुनै पवित्र कुराको मिश्रणले परिवर्तित भएको होस् तै पनि त्यो पवित्र नै रहन्छ, र त्यसको नाम पानी नै रहन्छ, यसर्थ त्यो पानी पवित्र पनि हुन्छ र अरुलाई पवित्र पनि गर्छ ।

तर यदि पानी उपलब्ध नहोस् वा पानी प्रयोग गरेमा हानि वा कष्टको सम्भावना होस् भने त्यसको सट्टामा तयम्मुम गरिन्छ । र यो यसरी कि आफ्नो दुवै हत्केलीलाई धुलो भएको जमिनमाथि स्पर्श गराइयोस्, अनि त्यसबाट अनुहारमाथि मसह गरियोस्, र दुवै हत्केलीलाई एकआर्काद्वारा मसह गरियोस्, त यो हद्सबाट पवित्रताको तरिका हो ।

र रहयो खुबुस (गन्दगी) बाट पवित्रताको कुरो त जुन कुरा पनि त्यसलाई समाप्त गरिदेओस् त्यसैद्वारा त्यसलाई पवित्र गर्न सकिन्छ, जसरी

पनि माटो आदिद्वारा। किनकि यसबाट पवित्रताको अर्थ हो त्यस फोहोरलाई हटाउनु स्वच्छ गर्नु, त यदि यो फोहोर पानी वा पेट्रोलद्वारा स्वच्छ भइहाल्छ, वा अरु कुनै बग्ने कुरा वा जमेको कुराद्वारा पूर्णरूपले पवित्र भइहाल्छ भने त्यसैद्वारा त्यसलाई पवित्र गर्न सकिन्छ । त यति कुराहरूबाट हामीलाई यो थाहा भइसकेको होला कि शरीरिमाथि लागेको फोहोर र गन्दालाई कसरी पवित्र गर्नु छ, र हदसमा कसरी पवित्रता ग्रहण गर्नु छ।

## पवित्रतामा मूल तथ्य पानीको सट्टामा प्रयोग हुने कुराको वर्णन

प्रश्नः (६६) आदरणीय शैख ज्यू, पानीको सट्टामा कुन कुरा प्रयोग गर्न सकिन्छ ?

उत्तरः पानीको सट्टा माटो प्रयोग गर्न सकिन्छ जब पानी उपलब्ध नहोस् वा त्यसको प्रयोगबाट खतराको भय होस् । अर्थात तयम्मुम गर्नुपर्छ, र यसको तरिका अघि नै वर्णन गरिसकेका छौं । तर यो मात्र हदसबाट पवित्रतामा लाभदायक हुन्छ,

तर कुनै फोहोर र गन्दगीलाई पवित्र गर्नुको विधि यो हो कि त्यो समाप्त भइहालोस् कुनै पनि प्रकारले पानी वा अरु कुनै कुराद्वारा, यसर्थ यसमा तयम्मुम छैन । त यदि गन्दगी शरीरमा लागेको छ वा कपडामा, त यसलाई पवित्र गर्नुको उद्देश्य पूजा होइन बरु यो फोहोर यदि बिना नीयत नै पवित्र भइहालोस् कुनै तरिकाले पनि जसरी पानी पर्नुले वा अरु कुनै तरिकाले त त्यो कपडा अथवा शरीर वा ठाउँ पवित्र भयो, चाहे मान्छेले यसको नीयत गरेको होस् वा नगरेको होस् । तर हदसबाट पवित्रताको शर्त यो हो कि मान्छे नीयत गरेर त्यसबाट पवित्रता अपनाओस्, किनकि यो पूजा हो जसद्वारा अल्लाहको सामीप्यता प्राप्त गरिन्छ, यसर्थ यसमा नीयत गर्नु अति आवश्यक छ ।

प्रश्नः (६७) आदरणीय शैख ज्यू, यसको अर्थ यो भयो कि यदि कुनै मान्छेमाथि फोहोर लागेको छ तर त्यो त्यसलाई स्वच्छ गर्न सक्दैन भने त्यो तयम्मुम पनि नगरोस् ?

उत्तर: हो, यदि कुनै मान्छेमाथि कुनै प्रकारको फोहोर लागेको छ तर त्यो त्यसलाई स्वच्छ गर्नुमा सामर्थ्यवान छैन भने तयम्मुम गर्दैन बरु त्यसै अवस्थामा नमाज पढछ, तर त्यसको लागि उचित यो छ कि त्यस गन्दगी र फोहोरलाई खुर्चेर वा अरु कुनै तरिकाले कम गरोस्, र यदि फोहोर लुगामा लागेको छ र त्यससित अन्य लुगा छ भने त्यसलाई परिवर्तित गरेर आर्को लुगा लगाओस् ।

## वजूको तरिका

प्रश्न: (६८) आदरणीय शैख ज्यू, वजूको तरिका के हो ?

उत्तर: वैधानिक वजूका दुई तरिका छन्:

पहिलो: अनिवार्य तरिका, जसलाई नगरिकन् वजू शुद्ध हुँदैन, र यो तरिका अल्लाहले यस कथनमा वर्णन गरेका छन्:

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا قُمۡتُمۡ إِلَى ٱلصَّلَوٰةِ فَٱغۡسِلُواْ وُجُوهَكُمۡ وَأَيۡدِيَكُمۡ إِلَى ٱلۡمَرَافِقِ وَٱمۡسَحُواْ بِرُءُوسِكُمۡ وَأَرۡجُلَكُمۡ إِلَى ٱلۡكَعۡبَيۡنِ ﴾

المائدة: ٦

अर्थ : हे मोमिनहरू (आस्थावानहरू) ! जब तिमीले नमाज पढ्ने विचार गर्छौं तब मुख र कुइनो समेत हात धुनु र आफ्नो टाउकोको मसह (पानीले हात भिजाई निधारदेखि पछाडिसम्म स्पर्श) गर र आफ्ना खुट्टा गोली गाँठोदेखि छेपारीसम्म धोऊ ...। (सूरतुल् माइदा ६)

यसर्थ एक पटक अनुहार धुल्नु नै अनिवार्य छ, र अनुहार पखाल्नुमध्ये कुल्ला गर्नु र नाकमा पानी हालेर त्यसलाई जोरदिएर निष्कासित गर्नु ( इस्तिन्साक) पनि हो, र दुवै हातलाई औंलाहरूदेखि कुइनोसम्म एक एक पटक पखाल्नु, र टाउकोको एक पटक मसह गर्नु, अर्थात हातको पञ्जालाई पानीले भिजाएर त्यसद्वारा टाउकोलाई

स्पर्श गारउँदै अगाडिदेखि पछाडिसम्म लैजानु र फेरि त्यसलाई त्यस्तै अगाडि ल्याउनु, त यसै कार्यलाई अरबीमा टाउकोको मसह भनिन्छ, र दुवै कान टाउकोमध्येका नै हुन् । अनि गोलीगाँठसम्म एक एक पटक दुवै पाइलालाई धुल्नु । त यो नै त्यो अनिवार्य तरिका हो जसलाई नगरिकन् वजू शुद्ध हुँदैन ।

र रह्यो वजूको आर्को तरिका: त यो सुन्नतीय तरिका हो जसलाई अल्लाहको सहायताले हामी निम्नमा वर्णन गर्दछौं: र त्यो यो हो कि मान्छे वजू गर्नुभन्दा अघि बिस्मिल्लाह भनोस्, र आफ्नो हत्केलीलाई तीन पटक धोओस्, अनि तीन पटक कुल्ला गरोस्, र तीन मुठ्की पानी लिएर तीन पटक नाकमा पानी हालेर त्यसलाई जोर दिएर निष्कासित गरोस्, अनि आफ्नो अनुहारलाई तीन पटक धोओस्, अनि आफ्नो दुवै हातलाई कोइनोसमेत तीन पटक धोओस्, पहिला दायाँ हातलाइ अनि देब्रे हातलाई, अनि एक पटक आफ्नो टाउकोको मसह गरोस्, अनि आफ्नो दुवै कानको पनि मसह गरोस्, र यसलाई मसह गर्ने

तरिका यो हो कि आफ्नो शहादतको औंलालाई (चोर औंलालाई) कानमा हालेर बुढी औंलाले कानको बाहिरी भागको मसह गरोस्, अनि दुवै पाईलालाई गोली गाँठसम्म तीन तीन पटक पखालोस् पहिला दायाँ पाइलालाई अनि बायाँलाई । अनि यस पश्चात भनोस्:

"أشهد أن لا إله إلا الله وحده لا شريك له ، وأشهد أن محمداً عبده ورسوله ، اللَّهُمَّ اجعلني من التوابين واجعلني من المتطهرين"

अर्थ : म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसका भक्त र सन्देष्टा हुन्, हे अल्लाह मलाई तौबा (प्रयाश्चित) गर्नेहरूमध्येका बनाइदेऊ, र पवित्रहरूमध्येका बनाइदेऊ ।

त जब मान्छे उपरोक्त तरिकाले वजू गर्छ त त्यसको लागि स्वर्गका आठवटै ढोकाहरू खोलिन्छ त्यो जसबाट चाहन्छ प्रवेश गर्नेछ । र यो सही हदीस हो, यस हदीसलाई हजरत उमर रजिअल्लाहो अन्होले यसरी नै नबी सल्लल्लाहो अलैहे वसल्लमबाट वर्णन गरेका छन् ।

प्रश्न: (६९) आदरणीय शैख ज्यू, तर दुवै कानलाई मसह गर्नुको लागि टाउकोलाई मसह गर्नुको लागि लिइएको पानी पर्याप्त हुन्छ, वा त्यसको लागि आर्को पानी लिनुपर्छ ?

र पूर्ण हदीस यसरी छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जसले राम्ररी परिपूर्ण तरिकाले वजू गऱ्यो, अनि भन्यो: "म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसका भक्त र सन्देष्टा हुन्, हे अल्लाह मलाई तौबा (प्रयाश्चित) गर्नेहरूमध्येका बनाइदेऊ, र पवित्रहरूमध्येका बनाइदेऊ । त त्यसको लागि स्वर्गका आठवटै ढोकाहरू खोलिन्छ त्यो जसबाट चाहन्छ प्रवेश गर्नेछ ।" यसलाई इमाम तिर्मिजीले किताबुत्तहारहको बाबु फिमा युकालु बअदल् वजूको हदीस नं. ५५ अन्तर्गत वर्णन गर्नु भएको छ । तर यस हदीसको सनदमा केही कुरा गरिएको छ, र यस विषयमा रसूल सल्लल्लाहो अलैहे वसल्लमसित कुनै कुरा प्रमाणित छैन । र यसको स्पष्टीकरणको लागि यस विषयमा अहमद शाकिरको विस्तृत वर्णन टीकाटिप्पणी १/७८-८३ मा हेर्नुस् ।

उत्तर: कानको लागि आर्को चोटि पानी लिनु नत अनिवार्य छ नत मुस्तहब (उत्तम), किनकि जति मानिसहरूले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको वजूको तरिकालाई वर्णन गरेका छन् यो वर्णन गरेका छैनन् कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले कानको लागि आर्को चाटि पानी लिनु भएको थियो । यसर्थ उचित र श्रेष्ठ कुरो यो नै छ कि मान्छे टाउकोलाई मसहगर्दा हत्केलीमा अलि कति बचेको पानीद्वारा नै कानको पनि मसह गरोस् ।

## वजूलाई भङ्ग गर्ने कुराहरू

**प्रश्न: (७०-७१) आदरणीय शैख ज्यू, वजूलाई भङ्ग गर्ने कुरा के के हुन् ?**

उत्तर: वजूलाई भङ्ग गर्ने कुराहरूलाई वर्णन गर्नुभन्दा अघि यो वर्णन गर्नु मलाई अति आवश्यक लाग्दछ जसबारे अधिकांश मानिसहरूलाई ज्ञान हुँदैन, र त्यो कुरो यो हो कि केही मानिसहरू यो गुमान गर्छन् कि पानीले वा ढुंगाबाट इस्तिन्जा गर्नु पनि वजूका अनिवार्य

कार्यहरूमध्येको हो, अर्थात पानी ढुंगा वा माटो आदि प्रयोग गरेर दिशा पिशाबबाट पवित्रता ग्रहण गर्नुलाई पनि वजूका अनिवार्य कार्यहरूमध्येका मान्दछन् । त यस्तो मानिसहरू यस्ता मानिसहरूको बारेमा सोध्दै रहन्छन् जसको वजू दिनको पहिलो भागमा भंग भएको होस्, अनि जुहरको अजान भयो र त्यसको वजू अहिलेसम्म भङ्ग भएको छैन, र जब वजू भङ्ग भएको थियो तब वजू गरेको थिएन, त त्यो यो प्रश्न गर्छ कि: जब जुहरको अजान भयो त के त्यो पुन: आफ्नो गुप्ताङ्गलाई धोओस् ? त हामी यसको उत्तरमा भन्छौं: तिमी आफ्नो गुप्ताङ्गलाई नधोऊ किनकि गुप्ताङ्गलाई धोउनु दिशा वा पिशाबको गन्दगीको कारणले हो, त जब मान्छे पहिलो पटक पवित्रता प्राप्त गरे पश्चात दिशा पिशाब गरेको छैन भने यस्तो गर्नु सही छैन । त अब हामीलाई यो थाहा भइहालेको होला कि गुप्ताङ्गलाई पवित्र गर्नु वजूका कार्यहरूमध्येको होइन, त यस विषयमा यो नै त्यो कुरो थियो जसतर्फ ध्यानाकर्षण गराउनु मेरो उद्देश्य थियो ।

र रह्यो वजूलाई भङ्ग गर्ने कुराहरूको कुरो त ती हुन्: दिशा पिशाब, हवा खुल्नु (पाद), निद्रा, र ऊँटको मासु खानु ।

त रह्यो कुरो दिशा पिशाब र निद्राको, त यसमाथि हजरत सफवान बिन अस्सालले वर्णन गरेको हदीस प्रमाणीकरण गरिरहेको छ उहाँ रजिअल्लाहो अन्होको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई यो आदेश गर्नु भयो:

"ألا ننزع خفافنا إذا كنا سفراً ثلاثة أيام ولياليهن إلا من جنابة ، ولكن من غائط وبول ونوم" (أخرجه الترمذي ، كتاب الطهارة، باب في المسح على الخفين ، رقم (96)، والنسائي ، كتاب الطهارة ، باب التوقيت في المسح على الخفين للمسافر ، رقم (127)، وابن ماجه ، كتاب الطهارة ، باب الوضوء من النوم ، رقم (478)، وأحمد في "المسند" (239/4، 240) وقال الترمذي: حسن صحيح.)

अर्थ : जब हामी तीन दिन त्यसको रात्रीको साथ (७२ घंटा) को यात्रामा होऔं त  जनाबत (ठूलो अपवित्रता) बाहेक अरु कुनै अवस्थामा अआफ्नो मोजालाई ननिकालौं, तर दिशा पिशाब गरेमा वा निद्रा लागेमा । (तिर्मिजी, किताबुत्तहारह, बाबु फिल् मस्हे अलल् खुफैन, हदीस नं. ९६ । र नेसाई, किताबुत्तहारह, बाबुत्तौकीति फिल् मस्हे अलल् खुफैन लिल् मुसाफिर, हदीस नं. १२७। र इब्ने माजा, किताबुत्तहारह, बाबुल् वजूए मिनन्नौम, हदीस नं. ४७८ । र अहमद मुस्नदमा (४/२३९, २४०) । र इमाम तिर्मिजीले यस हदीसलाई सही र विश्वासनीय भनेका छन्)

र यस हदीसमाथि यो श्लोक पनि सहमति जनाइरहेको छ, अल्लाहको फर्मान छः

﴿ وَإِن كُنتُم مَّرْضَىٰٓ أَوْ عَلَىٰ سَفَرٍ أَوْ جَآءَ أَحَدٌ مِّنكُم

مِّنَ ٱلْغَآئِطِ أَوْ لَٰمَسْتُمُ ٱلنِّسَآءَ فَلَمْ تَجِدُوا۟ مَآءً

فَتَيَمَّمُوا۟ صَعِيدًا طَيِّبًا فَٱمْسَحُوا۟ بِوُجُوهِكُمْ وَأَيْدِيكُمْ ۗ إِنَّ ٱللَّهَ كَانَ عَفُوًّا غَفُورًا ﴿٤٣﴾ النساء: ٤٣

अर्थ : र यदि तिमी विरामी छौ अथवा यात्रामा छौ वा तिमीमध्ये कोही शौचबाट आएको छ अथवा तिमीले स्वास्नीसँग सहवास गरेका छौ र तिमीलाई पानी उपलब्ध छैन भने पवित्र माटो लिई मुख र हातमा स्पर्श गरेर तयम्मुम गरी ( नमाज पढिहाल) । नि:सन्देह अल्लाह त्रुटिहरू माफ गर्नेवाला तथा क्षमादाता छ । (सूरतुन्निसा ४३)

र रह्‌यो कुरो हवा निष्कासित हुनुको (पाद्‌नुको) त अब्दुल्लाह बिन जैद र अबू हुरैरहको हदीसमा वर्णित छ त्यस मान्छेको बारेमा जसलाई नमाजमा यो सन्देह भइहालोस्‌ कि त्यसबाट हवा निस्केको छ वा निस्के छैन ? त यस्तो मान्छेको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" لا ينصرف أولا يخرجن من المسجد حتى يسمع صوتاً أو يجد ريحاً" أخرجه البخاري ، كتاب الوضوء ، باب لا يتوضأ من الشك حتى يستيقن ، رقم (137)، ومسلم ، كتاب الحيض، باب الدليل على أن من تيقن الطهارة ، ثم شك في الحدث، رقم (361).

अर्थ : त्यो नफर्कोस् वा त्यो मान्छे मस्जिदबाट तबसम्म ननिस्कोस् यहाँसम्म कि त्यो हवा खुल्नुको अवाज नसुनोस् वा हवा खुल्नुको दुर्गन्ध नपाओस् । (बुखारी, किताबुल् वजू, बाबु ला यत्वज्जउ मिनश्शक्के हत्ता यस्तैकिन, हदीस नं. १३७। र मुस्लिम, किताबुल् हैज, बाबुद्दलीलि अला अन्ना मन् तयक्कनत्तहारह सुम्मा शक्का फिल् हदस, हदीस नं. ३६१)

त यो हदीस यस कुरामा प्रमाणीकरण गरिरहेको छ कि हवा खुल्नु वजूलाई भंग गरिदिन्छ, त यी चार कुराहरू अर्थात दिशा पिशाब गर्नु, हवा निष्कासित हुनु, र निद्रा लाग्नु वजूलाई भंग गरिदिन्छ ।

तर निद्रा तबसम्म वजूलाई भंग गर्दैन जबसम्म असुध गर्नेवाला गहिरो निद्रा नहोस्, अर्थात मान्छे निद्रामा यसरी डुबिसकेको होस् कि त्यसलाई यो थाहा नहोस् कि त्यसबाट केही निस्केको छ, किनकि निद्रा हदस (अपवित्रता) को शंकास्पद ठाउँ हो, तर स्वयम् अपवित्रता होइन । यसर्थ यदि मान्छेलाई अल्छी लाग्छ भने यदि मान्छेबाट केही निस्कन्छ त त्यसलाई थाहा भइहाल्छ, त यस्तो अल्छी लाग्नुले वजू भंग हुँदैन चाहे अल्छी लाग्ने अवधि लामो किन नहोस्, अब चाहे त्यो मान्छे टेक लगाएको होस् वा लेटेको होस्, किनकि हुकुम अवस्था दशा र कैफियतमाथि आधारित छैन, बरु हुकुमको आधार सुध र भानमाथि छ । त यदि अल्छी लागेको मान्छेलाई यो लाग्दछ कि त्यो अपवित्र भएको छैन त यस्तो अवस्थामा त्यसको वजू बाँकी नै छ, चाहे त्यो टेक लगाएको होस् वा लेटेको होस् ... ।

र रह्यो वजूलाई भंग गर्ने पाँचौं कुरो त त्यो हो ऊँटको मासुलाई खानु, किनकि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो कि के

हामी ऊँटको मासुबाट वजू गरौं अर्थात त्यसलाई खाए पश्चात वजू गरौं ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "हो, वजू गर" । र जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित बाखाको मासु खाएबाट वजू गर्नुको बारेमा सोधियो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "यदि तिमी चाह" ।[] त उहाँ सल्लल्लाहो अलैहे वसल्लमको ऊँटको मासु खाए पश्चात वजू गर्ने कुराको जवाफमा वजू गर्ने आदेश गर्नु, र बाखाको मासुबारे सोधिएमा यो भन्नु यति तिमी चाह भने वजू गर, यस कुराको प्रमाण हो कि ऊँटको मासु खाए पश्चात मान्छेलाई वजू गर्नु नगर्नुमा छुट छैन, बरु त्यसलाई वजू गर्नु आवश्यक भइहाल्छ । यसर्थ यदि यसलाई खाए पश्चात वजू गर्नु अनिवार्य हुँदैनथ्यो भने यसको बारेमा पनि रसूल सल्लल्लाहो अलैहे वसल्लम वजू गर्नु नगर्नुमा छुट दिन्थे । तर हदीसमा वर्णित छ कि: "उहाँ सल्लल्लाहो अलैहे वसल्लमले ऊँटको मासु खाए

[] मुस्लिम, किताबुल् हैज, बाबुल् वजूए मिन् लुहूमिल इबेल, हदीस नं. ३६० ।

पश्चात वजू गर्ने आदेश गरेका छन्" ।[1] यसर्थ यदि मान्छेले ऊँटको मासु खायो भने त्यसको वजू भंग भयो चाहे अधिक खाएको होस् वा अलिकति, चाहे मासु रातो होस् वा अन्द्रामध्येको होस् वा कलेजो, मुटु, मिर्गौला आदि, किनकि हदीस आम छ जसरी कि अल्लाहको यस कथनमा सुंगुरको मासु आम छ:

﴿ حُرِّمَتۡ عَلَيۡكُمُ ٱلۡمَيۡتَةُ وَٱلدَّمُ وَلَحۡمُ ٱلۡخِنزِيرِ ﴾ المائدة: ٣

अर्थ : तिम्रो लागि मृतक जनावर र रगत र सुँगुरको मासु वर्जित छ ... । (सूरतुल् माइदा ३)

त यस श्लोकमा सुंगुरको मासुलाई त्यसको शरीर (जीउ) मा भएका समस्त अंशहरू शामेल छन् । त यस्तै ऊँटको पनि कुरो छ, यसर्थ त्यसको शरीरको जुन भागबाट पनि खाएमा वजू भंग

---

[1] अबू दाऊद, किताबुत्तहारह, बाबुल् वजूए मिन् लुहूमिल् इबेल, हदीस नं. १८४ । र तिर्मिजी, किताबुत्तहारह, बाबु माजाआ फिल् वजूए मिन् लुहूमिल् इबेल, हदीस नं. ८१ । र अहमद मुस्नदमा, ४/२८८ । र यस हदीसलाई अल्लामा अल्बानीले इरवाउल् गलीलमा सही भनेका छन् १/१५२ ।

भइहाल्छ र वजू गर्नु अनिवार्य भइहाल्छ । र इस्लामीय विधानमा एउटै शरीरको लागि अनेकौं हुकुम हुँदैन, कि एउटालाई खाएमा एक हुकुम र आर्को अंशलाई खाएमा आर्को हुकुम, बरु शरीरका समस्त अंशहरूको एकनास हुकुम हुन्छ । यसर्थ जसले पनि ऊँटको शरीरमध्येबाट कुनै भागको मासु खान्छ त त्यसको वजू भंग भइहाल्छ र त्यसलाई पुनः वजू गर्नुपर्छ । फेरि तपाईलाई यो पनि ज्ञात रहोस् कि जब मान्छे वजू बाँकी रहेको अवस्थामा हुन्छ अनि वजू भंग हुनेबारे सन्देहमा परिहाल्छ कि त्यसबाट हवा निस्केको छ वा निस्केको छैन, वा त्यसले पिशाब फेरेको छ कि फेरे छैन, वा त्यसले जुन मासु खाएको छ त्यो ऊँटको मासु हो कि होइन, त यस्तो अवस्थामा त्यसको वजू भंग हुँदैन, नत त्यसमाथि वजू गर्नु नै अनिवार्य हुन्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यस्तो मान्छेको बारेमा सोधियो जुन नमाज पढिरहेको अवस्थामा आफ्नो पेटमा केही पाउँछ अर्थात ग्यास आदि पाउँछ त त्यो के गरोस्

? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لا ينصرف حتى يسمع صوتاً أو يجد ريحاً"

أخرجه البخاري ، كتاب الوضوء ، باب لا يتوضأ من الشك حتى يستيقن ، رقم (137)، ومسلم ، كتاب الحيض، باب الدليل على أن من تيقن الطهارة ، ثم شك في الحدث، رقم (361).

अर्थ : त्यो मान्छे (मस्जिदबाट) तबसम्म ननिस्कोस् यहाँसम्म कि त्यो हवा खुल्नुको अवाज नसुनोस् वा हवा खुल्नुको दुर्गन्ध नपाओस् । ( बुखारी, किताबुल् वजू, बाबु ला यत्वज्जउ मिनश्शक्के हत्ता यस्तैकिन, हदीस नं. १३७ । र मुस्लिम, किताबुल् हैज, बाबुद्दलीलि अला अन्ना मन् तयक्कनत्तहारह सुम्मा शक्का फिल् हदस, हदीस नं. ३६१)

अर्थात जबसम्म त्यसलाई हवा खुल्नुको पूर्ण विश्वास नभइहालोस् तबसम्म नमाजलाई त्यागेर मस्जिदबाट नजाओस्, किनकि विधि यो छ कि: "विश्वासमाथि सन्देह कुनै प्रभाव हाल्दैन" । यसर्थ

जस कुरामाथि त्यसलाई पूर्ण यकिन होस् त्यसैको आधारमा कार्य गरोस् किनकि त्यसैको आधारमा हुकुम लागू हुन्छ र सन्देह हुनुबाट कुनै फर्क पर्दैन । त यदि यस समस्यामा वजू बाँकी हुनुको विश्वास छ भने सन्देह कुनै प्रभाव पार्दैन यहाँसम्म कि हामीलाई यो थाहा भइहालोस् कि वजू भंग भइसकेको छ ।

प्रश्नः (७२) आदरणीय शैख ज्यू, के दिनको निद्रा र रात्रीको निद्रामा कुनै अन्तर छ र ?

उत्तरः दिन र रात्रीको निद्रामा कुनै अन्तर छैन, किनकि दुवैमा भान गुमाउनु र अचेत हुनु नै प्रमुख कारण हो, किनकि मान्छेलाई सुतेको अवस्थामा यो भान हुँदैन कि त्यसबाट कुनै कुरा निस्केको छ वा निस्केको छैन ।

# स्नान अनिवार्य गर्ने कुराहरू

प्रश्न: (७३) आदरणीय शैख ज्यू, स्नानलाई अनिवार्य गर्ने कुराहरू के के हुन् ? र स्नान गर्नुको तरिका के हो ?

उत्तर: रह्यो स्नान गर्ने तरिकाको कुरो त यसका दुई तरिका छन्:

वाजिब (अनिवार्य) तरिका: र त्यो यो हो कि मान्छे आफ्नो पूर्ण शरीरमाथि पानी हालोस्, र यसैमध्ये कुल्ला गर्नु, र नाकमा पानी हाल्नु पनि हो । यसर्थ मान्छे जसरी पनि आफ्नो पूर्ण शरीरलाई पानीबाट भिजाओस् भने त्यसको ठूलो पवित्रता गइहाल्छ अर्थात त्यो ठूलो अपवित्रताबाट पवित्र भइहाल्छ ।

दोस्रो तरिका: पूर्ण सुन्नतीय तरिका हो, र त्यो हो कि मान्छे त्यसरी स्नान गरोस् जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लमले स्नान गर्नु भएको छ । यसर्थ जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम ठूलो अपवित्रताबाट स्नान गर्थे त पहिला दुवै

हत्केलीलाई धुल्थे, अनि आफ्नो गुप्ताङ्गलाई पखाल्दथे, अनि पूर्ण वजू गर्थे त्यसै तरिकाले जसरी हामीले वजूको विषयमा वर्णन गरेका छौं, अनि तीन चोटि आफ्नो टाउकोमा पानी हालेर त्यसलाई धुल्थे, अनि बाँकी शरीरमा पानी हाल्थे । त यो नै सुन्नतीय स्नानको तरिका हो ।

र रह्यो स्नानलाई अनिवार्य गर्ने कुराहरूको कुरो त ती कुराहरू निम्न हुन्ः

पहिलोः वासनाको साथ सुत्दै वा जाग्दै वीर्यको पतन, तर निद्रामा वीर्य पतन हुँदा वासनाको भान नभए पनि स्नान गर्नुपर्छ, किनकि मान्छेलाई निद्रामा स्वप्नदोष भइहाल्छ र त्यसलाई यसको भान पनि हुँदैन । यसर्थ वासनाको साथ जहिले पनि वीर्य पतन हुन्छ स्नान गर्नु अनिवार्य भइहाल्छ ।

दोस्रोः सहवास गर्नु, त जब मान्छेले आफ्नो स्वास्नीसित सहवास गर्छ, त त्यसमाथि स्नान गर्नु अनिवार्य भइहाल्छ । र सम्भोग गर्नुको अर्थ हो कि मान्छेको लिंगको अघिल्लो भाग (सुपाडी)

महिलाको योनिमा प्रवेश भयो भने स्नान गर्नु अनिवार्य भयो अर्थात यदि मान्छेले आफ्नो लिंगको मात्र अघिल्लो भाग पनि महिलाको योनिमा हाल्यो तै पनि स्नान अनिवार्य भयो चाहे वीर्य पतन भएको होस् वा नभएको होस् । र वीर्य पतन भएमा स्नान अनिवार्य हुनुको प्रमाण यो हदीस हो रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" الماء من الماء " أخرجه مسلم ، كتاب الحيض ، باب إنما الماء من الماء رقم (343).

अर्थ : पानीले (वीर्य पतनले) पानी (स्नान गर्नु) अनिवार्य भइहाल्छ । (मुस्लिम, किताबुल् हैज, बाबु इन्नमल् माओ मिनल् माअ, हदीस नं. ३४३)

र महिलाको योनिमा लिंग हाल्नुले मात्रै वीर्य पतन नभएको अवस्थामा पनि स्नान अनिवार्य भइहाल्छ यस कुरोको प्रमाण यो हदीस हो रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" إذا جلس بين شعبها الأربع ثم جهدها ، فقد وجب الغسل وإن لم ينزل" أخرجه البخاري ، كتاب الغسل ، باب إذا التقى الختانان ، رقم (291) ومسلم ، كتاب الحيض ، باب نسخ الماء من الماء ووجوب الغسل بالتقاء الختانين ، رقم (348).

अर्थ : जब मान्छे महिलाको चारवटै अंगहरूबीच बसेर संघर्ष गरोस्, त त्यसमाथि स्नान गर्नु अनिवार्य भइहाल्छ यद्यपि वीर्य पतन नहोस् । (बुखारी, किताबुल् गुस्ल, बाबु इजल्तकल् खतानान, हदीस नं. २९१ । र मुस्लिम, किताबुल् हैज, बाबु नस्खुल् माए मिनल् माए ववजूबुल् गुस्लि बिइल्तेकाइल् खतानैन, हदीस नं. ३४८)

र यो विषय अर्थात सम्भोगगर्दा वीर्य पतन नभएको अवस्था यस्तो विषय र समस्या हो जसबारे अधिकांश मानिसहरू अनभिज्ञ हुन्छन्, बरु केही यस्ता मानिसहरू पनि हुन्छन् जुन अनभिज्ञताको कारण महिनौं आफ्नो स्वास्नीसित सम्भोग गर्छन् र वीर्य पतन गर्दैनन् जसकारण

स्नान पनि गर्दैनन्, त यो यस्तो समस्या हो जुन अति घातक छ । यसर्थ मान्छेमाथि यो अनिवार्य छ कि त्यो ती सीमाहरूको ज्ञान प्राप्त गरोस् जसलाई अल्लाह र अल्लाहका रसूलले निर्धारित गरेका छन् । यसर्थ यदि कुनै मान्छेले आफ्नो स्वास्नीसंग सहवास गऱ्यो, र वीर्य पतन भएन तै पनि दुवै लोग्ने स्वास्नीमाथि स्नान गर्नु अनिवार्य भयो उपरोक्तमा वर्णित हदीसको आधारमा ।

र स्नान अनिवार्य गर्ने कुराहरूमध्ये रजस्वला र सुत्केरीको रगत आउनु पनि हो । यसर्थ जब महिलालाई रजस्वलाको रगत आओस्, अनि जब त्यो त्यसबाट पवित्र भइहालोस् अर्थात रगत आउनु समाप्त भइहालोस् त त्यसमाथि स्नान गर्नु अनिवार्य भइहाल्छ, अल्लाहको यस कथनको हुनाले:

﴿ وَيَسْـَٔلُونَكَ عَنِ ٱلۡمَحِيضِۖ قُلۡ هُوَ أَذٗى فَٱعۡتَزِلُواْ ٱلنِّسَآءَ فِي ٱلۡمَحِيضِ وَلَا تَقۡرَبُوهُنَّ حَتَّىٰ يَطۡهُرۡنَۖ فَإِذَا

تَطَهَّرْنَ فَأْتُوهُنَّ مِنْ حَيْثُ أَمَرَكُمُ ٱللَّهُ ۚ إِنَّ ٱللَّهَ يُحِبُّ

ٱلتَّوَّٰبِينَ وَيُحِبُّ ٱلْمُتَطَهِّرِينَ ﴿٢٢٢﴾ البقرة: ٢٢٢

अर्थ : उनीहरू तपाईसित रजस्वलाबारे सोध्छन् । भनिदिनु कि त्यो अपवित्र (रक्त) हो । तसर्थ रजस्वलाको समयमा स्वास्नीबाट अलग रहनु र जबसम्म तिनीहरू पवित्र हुँदैनन्, तिनको नजिक ( सम्भोगका लागी) नजानु । हो, जब तिनी पवित्र भइहालुन्, तब तिमी उनको नजिक जाऊ जुन ठाउँबाट अल्लाहले तिमीलाई जाने आदेश गरेको छ । (सूरतुल् बकर: २२२)

र नबी सल्लल्लाहो अलैहे वसल्लमको मुस्तहाजाको बारेमा यस आदेशको कारण पनि कि जब त्यो रजस्वलाको गन्ती पूर्ण गरिहालोस् त स्नान गरोस् ।[1] र यस्तै हुकुम सुत्केरीमा भएकी

[1] मुस्लिम, किताबुल् हैज, बाबुल् मुस्तहाजह वगुस्लुहा वसलातुहा, हदीस नं. ३३४ ।

महिलाको लागि पनि छ कि त्यो पनि प्रसूतिको रगत समाप्त भए पश्चात स्नान गरोस् ।

र रजस्वला र सुत्केरीको रगतबाट स्नान गर्ने कुरा ठूलो अपवित्रताबाट स्नान गर्ने सरह छ, तर केही विद्हरूको दृष्टिमा रजस्वलाबाट पवित्र भएकी महिलाको लागि स्नानगर्दा बयरको पातलाई पनि पानीमा मिश्रित गर्नुलाई उचित भनेका छन्, किनकि यस्तो गर्नाले अत्याधिक पवित्रता र स्वच्छता प्राप्त हुन्छ ।

र केही विद्हरूले स्नान अनिवार्य गर्ने कुराहरूमध्ये मृत्युलाई पनि वर्णन गरेका छन् रसूल सल्लल्लाहो अलैहे वसल्लमको त्यस कथनद्वारा प्रमाणीकरण गर्दै जसमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमले ती महिलाहरूलाई आदेश गर्दै भनेका थिए जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लमकी मृतक छोरीलाई स्नान गराइरहेका थिइन् कि:

" اغسلنها ثلاثاً ، أو خمساً ، أو سبعاً ، أو أكثر من ذلك إن رأيتن ذلك" أخرجه البخاري، كتاب الجنائز

، باب غسل الميت ووضوئه بالماء ، رقم (1253)، ومسلم ، كتاب الجنائز ، باب في غسل الميت ، رقم (939).

अर्थ : त्यसलाई तीन चोटि वा पाँच चोटि, वा सात चोटि वा त्यसभन्दा अधिक पटक स्नान गराउनु यदि तिमीहरू यसको आवश्यकता हेरिरहेकी छौ । (बुखारी, किताबुल् जनाइज, बाबु गुस्लिलि मैयिति ववजूअहू बिल् माअ्, हदीस नं. १२५३ । र मुस्लिम, किताबुल् जनाइज, बाबु फि गुस्लिल् मैयित, हदीस नं. ९३९)

र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको यस कथनबाट पनि प्रमाणीकरण गरेका छन् जसमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेको लागि भनेका थिए जसलाई अरफातमा त्यसको सवारीले एहराममको अवस्थामा नै थिचेर मारेको थियो कि:

"اغسلوه بماء وسدر، وكفنوه في ثوبين" أخرجه البخاري ، كتاب الجنائز ، باب الكفن في ثوبين ، رقم (1265)،

ومسلم ، كتاب الحج ، باب ما يفعل بالمحرم إذا مات ، رقم (1206).

अर्थ : त्यसलाई पानी र बयरद्वारा स्नान गराउनु, र त्यसलाई मात्र दुई कपडामा कफनाउनु । (बुखारी, किताबुल् जनाइज, बाबुल् कफ्ने फि सौबैन, हदीस नं. १२६५ । र मुस्लिम, किताबुल् हज्ज, बाबु मा युफ्अलु बिल् मुहरिमि इजा मात, हदीस नं. १२०६)

त ती विद्हरूले यिनै हदीसहरूको प्रकाशमा यो भनेका छन् कि मृत्यु स्नानलाई अनिवार्य गरिदिन्छ । तर हाम्रो कुरा यहाँ जीवितहरूको विषयमा छ, किनकि मृतकको अनिवार्यता र उत्तरदायित्वता मृत्यु भए पश्चात समाप्त भइहाल्छ यसर्थ यो कुरो हाम्रो यस विषय अन्तर्गत आउँदैन ।

र उत्तरदायित्वता जीवितसित संलग्न हुनुको अर्थ हो कि आदेशद्वारा त्यसैलाई सम्बोधित र निर्देशित गरिन्छ कि मृतकलाई स्नान गराइयोस् । यसर्थ मृतकलाई जीवितहरूको माध्यमले स्नान गराइन्छ । यसर्थ जीवितहरूलाई नबी सल्लल्लाहो अलैहे

वसल्लमको यो आदेश छ कि उनी मृतकहरूलाई स्नान गराउन्, मृतकको यस स्नानमा कुनै अमलदखल छैन अर्थात यस स्नानबाट मृतकको कुनै सरोकार छैन ।

## मोजामाथि मसह गर्नुको हुकुम र त्यसका शर्तहरू

प्रश्न: (७४) आदरणीय शैख ज्यू, मोजामाथि मसह गर्नुको के हुकुम छ ? र त्यसका शर्तहरू के के हुन ?

उत्तर: मोजामाथि मसह गर्नुमाथि अत्याधिक हदीसहरू वर्णित छन्, बरु यसलाई सहाबाहरूले सामूहिक तौरले वर्णन गरेका छन्, अर्थात यस विषयमा मुतवातिर हदीसहरू वर्णित छन्, जस्तो कि भनिन्छ:

مما تواتر حديث من كذب

ومن بنى لله بيتاً واحتسب

ورؤية شفاعة والحـوض

ومسح خفين وهذي بعض

अर्थ : जुन विषयहरूमा सामूहिक तौरले हदीसहरू वर्णित छन् जसमा मिथ्यारोपणको कुनै शंका हुनै सक्दैन ती हुन्: जसले मात्र अल्लाहको लागि मस्जिद बनायो त्यस सन्दर्भको हदीस, र अल्लाहलाई हेर्ने, र सिफारिश एवं हौजको विषयमा वर्णित हदीसहरू, र मोजामाथि मसह गर्ने विषयमा वर्णित हदीसहरू ।

बरु यसमाथि कुरआनले पनि प्रमाणीकरण गरेको छ, अल्लाहको कथन छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا قُمۡتُمۡ إِلَى ٱلصَّلَوٰةِ
فَٱغۡسِلُواْ وُجُوهَكُمۡ وَأَيۡدِيَكُمۡ إِلَى ٱلۡمَرَافِقِ
وَٱمۡسَحُواْ بِرُءُوسِكُمۡ وَأَرۡجُلَكُمۡ إِلَى ٱلۡكَعۡبَيۡنِۚ ﴾

المائدة: ٦

अर्थ : हे मोमिनहरू (आस्थावानहरू) ! जब तिमीले नमाज पढ्ने विचार गर्छौ तब मुख र कुइनो समेत हात धुनु र आफ्नो टाउकोको मसह (पानीले हात भिजाई निधारदेखि पछाडिसम्म स्पर्श) गर र आफ्ना खुट्टा गोली गाँठोदेखि छेपारीसम्म धोऊ ...। (सूरतुल् माइदा ६)

जरको मात्राको पाठनको आधारमा जुन सात सर्वश्रेष्ठ पाठनमध्येको हो, अर्थात जसरी आफ्नो टाउकोलाई मसह गर्दछौ उस्तै पाइलालई पनि मसह गर, तर नसबको मात्राको पाठनले ( وَأَرْجُلَكُمْ) यो बोध हुन्छ कि पाइलालाई पखाल्नु पर्छ, त यस्तो लाग्दछ कि दुवै पाठनमा विरोधाभाषी छ, तर वास्तवमा दुवैबीच कुनै विविधता छैन, बरु कुरआनले दुवै अवस्थाको हुकुमलाई वर्णन गरेको छ जसलाई सुन्नतले स्पष्ट गरेको छ कि जब पाइलामा मोजा होस् त त्यसको मसह गरिन्छ, र जब पाइला खुल्ला हुन्छ त पखालिन्छ । त यो कुरो ती समस्त मानिसहरूको लागि छर्लङ छ जुन यसमा विचार गर्छन् ।

यसर्थ चर्मले बनेको मोजा जसलाई अरबीमा खुफ्फ भनिन्छ, र वर्तमानमा प्रचलित काटन नाइलोन आदिबाट निर्मित मोजामाथि मसह गर्नु पूर्णतया प्रमाणित छ जसमा कुनै सन्देह छैन ।

र इमाम अहमदको भनाई छ कि मसहको बारेमा मेरो हृदयमा अलि कति पनि सन्देह छैन ।

तर यस मसहका केही शर्तहरू छन् जुन निम्नमा वर्णन गरिन्छः

पहिलो शर्तः यो कि मान्छे मोजालाई पवित्रताको अवस्थामा लगाएको होस् । र यसको प्रमाण हो हजरत मुगीरह बिन शोअ्बा रजिअल्लाहो अन्होको वर्णन छ कि म रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ एउटा यात्रामा थिएँ, अनि जब उहाँ वजू गर्न लाग्नु भयो त म झुकें ताकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको मोजालाई निकालूँ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

"دعهما فإني أدخلتهما طاهرتين" (أخرجه البخاري،

كتاب الوضوء ، باب إذا أدخل رجليه وهما طاهرتان ، رقم

(206)، ومسلم ، كتاب الطهارة ، باب المسح على الخفين، رقم (274).

अर्थ : दुवै मोजालाई त्यस्तै रहन देऊ, किनकि मैले दुवैलाई पवित्रताको अवस्थामा लगाएको थिएँ । अनि ती दुवैमाथि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले मसह गर्नु भयो । (बुखारी, किताबुल् वजू, बाबु इजा अदखला रिजलैहे वहूमा ताहेरतान, हदीस नं. २०६ । र मुस्लिम, किताबुत्तहारह, बाबुल् मसहे अलल् खुफ्फैन, हदीस नं. २७४)

तर यदि कसैले त्यसलाई अपवित्रताको अवस्थामा लगाएको छ भने वजूगर्दा यो अनिवार्य छ कि त्यसलाई (मोजालाई) निकालेर पाइलालाई धोओस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मोजालाई ननिकाल्नुको कारण यो बताउनु भएको थियो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले त्यसलाई पवित्रताको अवस्थामा लगाएका थिए ।

दोस्रो शर्त: विधानले तोकेको अवधिभित्र मात्र नै मसह गरियोस्, र त्यो अवधि हो: शहर नगरमा भएका मानिसहरूको लागि एक दिन र एक रात्री,

र तीन दिन र तीन रात्री यात्रुको लागि । र यो अवधि पहिलो पटक मसह गर्ने समयदेखि आरम्भ हुन्छ तोकिएको अन्तिम अवधिसम्म । यसर्थ मोजा लगाए पश्चात जुन अवधि मसह गर्नुभन्दा पहिला बित्यो त्यस अवधिलाई यसमा जोडिदैन, चाहे त्यो बिना मसह गरिकन् दुई वा तीन दिन पवित्रताको अवस्थामा किन नरहोस्, त यो दुई तीन दिन बिना मसह पवित्रताको अवधि मसहको लागि तोकिएको अवधिमा शामेल हुँदैन, बरु जब त्यो अपवित्र हुन्छ अनि मसह गर्छ तबदेखि मसहको अवधिको आंकलन गरिन्छ यहाँसम्म कि एक दिन एक रात्री वा तीन दिन र तीन रात्रीको अवधि समाप्त होस्, जस्तो कि हामीले यसको विधि अघि नै वर्णन गरें ।

यसको उदाहरण: कुनै मान्छेले जब नमाजको लागि वजू गऱ्यो तब त्यसले मोजा लगायो, र त्यो आइतवारको दिनको फज्रको नमाज थियो, र त्यो पवित्र नै रह्यो यहाँसम्म कि त्यो त्यसै पवित्रताले ईशाको नमाज पनि पढ्यो, अनि त्यो सुत्यो, अनि जब सोमवारको दिन फज्रको नमाजको लागि

निद्राबाट उठ्यो, त त्यसले मोजामाथि मसह गऱ्यो, त त्यसको मसहको समयावधि सोमवारको फज्र नमाजबाट आरम्भ हुन्छ, किनकि यो पहिलो समय हो जसमा त्यसले मोजामाथि मसह गऱ्यो । र त्यसको मसहको समयावधि तब समाप्त हुन्छ जब त्यो अवधि पूर्ण भइहालोस् जसलाई हामीले अघि नै वर्णन गरें जुन हो शहर नगरमा भएका मानिसहरूको लागि (२४ घण्टा) एक दिन र एक रात्री, र यात्रामा भएकाहरूको लागि (७२ घण्टा) तीन दिन तीन रात्री ।

तेस्रो शर्त: मसह सानो अपवित्रतामा मात्र गरियोस् नकि ठूलो अपवित्रतामा । यसर्थ यदि मान्छेलाई ठूलो अपवित्रता लागेको छ भने त्यसमा मसह छैन बरु त्यसमाथि मोजा निकालेर स्नान गर्नु अनिवार्य भइहाल्छ हजरत सफ्वान बिन अस्साल रजिअल्लाहो अन्होले वर्णन गरेको हदीस बमोजिम जुन यो हो:

"أمرنا رسول الله صلى الله عليه وسلم إذا كنا سفراً ألا ننزع خفافنا إذا كنا سفراً ثلاثة أيام ولياليهن إلا من جنابة ، ولكن من غائط وبول ونوم" (أخرجه الترمذي ، كتاب الطهارة، باب في المسح على الخفين ، رقم (96)، والنسائي ، كتاب الطهارة ، باب التوقيت في المسح على الخفين للمسافر ، رقم (127)، وابن ماجه ، كتاب الطهارة ، باب الوضوء من النوم ، رقم (478)، وأحمد في "المسند" (4/239، 240) وقال الترمذي: حسن صحيح.)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई यो आदेश गरे कि जब हामी तीन दिन त्यसको रात्रीको साथ (७२ घंटा) को यात्रामा होऔं त जनाबत (ठूलो अपवित्रता) बाहेक अरु कुनै अवस्थामा अआफ्नो मोजालाई ननिकालौं, तर दिशा पिशाब गरेमा वा निद्रा लागेमा । (तिर्मिजी, किताबुत्तहारह, बाबु फिल् मस्हे अलल् खुफैन, हदीस नं. ९६ । र नेसाई, किताबुत्तहारह, बाबुत्तौकीति फिल् मस्हे अलल् खुफैन लिल्

मुसाफिर, हदीस नं. १२७ । र इब्ने माजा, किताबुत्तहारह, बाबुल् वजूए मिनन्नौम, हदीस नं. ४७८ । र अहमद मुस्नदमा (४/२३९, २४०) । र इमाम तिर्मिजीले यस हदीसलाई सही र विश्वासनीय भनेका छन्)

अर्थात ठूलो अपवित्रतामा मोजामा मसह गरिदैन बरु त्यसलाई निकालेर स्नान गर्नु पर्छ ।

र सही मुस्लिममा हजरत अली रजिअल्लाहो अन्होको माध्यमले हदीस वर्णित छ उहाँको भनाई छ कि:

"أن النبي صلى الله عليه وسلم وقت المسح يوم وليلة للمقيم، وثلاثة أيام للمسافر" (أخرجه مسلم ، كتاب الطهارة ، باب التوقيت في المسح على الخفين ، رقم (276).

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लमले मसहको अवधि मुकीम (शहर नगरमा भएकाहरू) को लागि एक दिन र (एक) रात्री, र यात्रुको लागि तीन दिन

र (तीन) रात्री निर्धारित गर्नु भएको छ । (मुस्लिम, किताबुत्तहारह, बाबुत्तौकीति फिल् मसहे अलल् खुफ्फैन, हदीस नं. २७६)

त यी तीनवटै शर्तहरू मसह गर्नुको लागि पाइनु अति आवश्यक छ । र केही विद्हरूले केही अरु शर्तहरू वर्णन गरेका छन् तर त्यसको बारेमा विद्हरूको मतभेद छ । तर जुन विधिमाथि हुकुमहरू आधारित मानिन्छ त्यो हो कि: मान्छे ती समस्त शर्त र अनिवार्यता र निषेधितताबाट मुक्त र स्वतन्त्र एवं विरक्त नै हुन्छ यहाँसम्म कि त्यसमाथि कुनै प्रमाण नमिलोस् ।

# जसमाथि मसह गरिन्छ त्यसका शर्तहरू

प्रश्न: (७५) आदरणीय शैख ज्यू, के मोजा आदि जसमाथि मसह गरिन्छ त्यसको लागि पनि कुनै शर्त छ ?

उत्तर: मोजा आदि जसलाई लगाइन्छ त्यसको लागि कुनै शर्त त छैन तर आवश्यक मात्र यो छ कि त्यो मोजा पवित्र होस्, किनकि यदि त्यो अपवित्र हुन्छ भने त्यसमाथि मसह गर्नु जायज हुँदैन । यसर्थ यदि मान्छे कुनै यस्तो चर्मले बनेको मोजा लगाओस् जसरी कुकुरको चर्मको वा चिथोरेर खाने माँसाहारी जनावरको चर्मबाट निर्मित मोजाको प्रयोग गर्छ भने त्यसमाथि मसह गर्नु जायज छैन, किनकि त्यो अपवित्र छ, र अपवित्र कुरा लगाएर नमाज पढनु जायज छैन । र यस कारण पनि त्यसमा मसह गर्नु जायज छैन किनकि मसह त्यसलाई अरु अपवित्र गरिदिन्छ ।

# मोजामाथि मसह गर्नुको हुकुम

**प्रश्न: (७६) आदरणीय शैख ज्यू, च्यातिएको मोजा वा प्वाल भएको मोजा वा अति पात्लो मोजामाथि मसह गर्नुको के हुकुम छ ?**

उत्तर: यस विषयमा सही कथनको आधारमा प्वाल भएको वा अति पात्लो जसमुनि भएको चर्म जाहेर होस् यस्तो मोजामाथि पनि मसह गर्नु जायज छ, किनकि मसहको उद्देश्य यो होइन कि जसमाथि मसह गरिन्छ त्यो परदा गर्नेवाला (सातिर) पनि होस् । किनकि पुरुषको पाइला ती अंगहरूमध्येको होइन जसको परदा गरिन्छ, बरु मसहको उद्देश्य हो भक्तलाई यस विषयमा स्वतन्त्रता र छूट प्रदान गर्नु, र त्यसको लागि यस विषयमा सरलता प्रदान गर्नु, र यो यसरी कि हामी त्यसलाई वजूगर्दा यो अनिवार्य गर्दैनौं कि त्यो मोजालाई निकालोस्, बरु भन्छौं कि तिमीले त्यस मोजामाथि मसह गरेमा पुग्छ । त यो नै त्यो कारण हो जसलेगर्दा मसहलाई वैधानिक गरिएको छ, त यस उद्देश्य अन्तर्गत च्यातिएको मोजा, प्वाल भएको मोजा र

पात्लो मोजा एकनास छन् जस्तो कि स्वयम् तपाईको यस विषयमा यो नै दृष्टि हुन्छ ।

## के स्नानलाई अनिवार्य गर्ने कुराहरू वजूलाई भंग गर्ने कुराहरू पनि हुन् ?

प्रश्नः (७७) आदरणीय शैख ज्यू, के स्नानलाई अनिवार्य गर्ने कुराहरूलाई वजू भंग गर्ने कुरा मानिन्छ वा मानिदैन ?

उत्तरः हाम्रा विद्हरूको दृष्टिमा अल्लाह उनीहरूमाथि दया गरुन् ती समस्त कुराहरू जसबाट स्नान गर्नु अनिवार्य हुन्छ त्यो वजूलाई भंग गरिदिन्छ मृत्यु बाहेक । यसर्थ जसमाथि स्नान गर्नु अनिवार्य भइसकेको छ त्यसलाई स्नानगर्दा उचित यो छ कि त्यो वजूको पनि नीयत गरोस्, अनि चाहोस् त वजू पनि गरोस् वा मात्र स्नान गरोस् वजू र स्नान दुवैको नीयतले, त यस्तो गर्नु त्यसको लागि पर्याप्त छ । तर शैखुल इस्लामको भनाई छ किः ठूलो अपवित्रताबाट स्नान गर्ने नीयत नै वजूको नीयतलाई पनि पर्याप्त भइहाल्छ, किनकि अल्लाहको फर्मान छः

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا قُمۡتُمۡ إِلَى ٱلصَّلَوٰةِ
فَٱغۡسِلُواْ وُجُوهَكُمۡ وَأَيۡدِيَكُمۡ إِلَى ٱلۡمَرَافِقِ
وَٱمۡسَحُواْ بِرُءُوسِكُمۡ وَأَرۡجُلَكُمۡ إِلَى ٱلۡكَعۡبَيۡنِۚ
وَإِن كُنتُمۡ جُنُبٗا فَٱطَّهَّرُواْۚ وَإِن كُنتُم مَّرۡضَىٰٓ أَوۡ
عَلَىٰ سَفَرٍ أَوۡ جَآءَ أَحَدٞ مِّنكُم مِّنَ ٱلۡغَآئِطِ أَوۡ لَٰمَسۡتُمُ
ٱلنِّسَآءَ فَلَمۡ تَجِدُواْ مَآءٗ فَتَيَمَّمُواْ صَعِيدٗا طَيِّبٗا
فَٱمۡسَحُواْ بِوُجُوهِكُمۡ وَأَيۡدِيكُم مِّنۡهُۚ مَا يُرِيدُ
ٱللَّهُ لِيَجۡعَلَ عَلَيۡكُم مِّنۡ حَرَجٖ وَلَٰكِن يُرِيدُ
لِيُطَهِّرَكُمۡ وَلِيُتِمَّ نِعۡمَتَهُۥ عَلَيۡكُمۡ لَعَلَّكُمۡ
تَشۡكُرُونَ ٦ ﴾ المائدة: ٦

अर्थ : हे मोमिनहरू (आस्थावानहरू) ! जब तिमीले नमाज पढ्ने विचार गर्छौ तब मुख र कुइनो समेत हात धुनु र आफ्नो टाउकोको मसह (पानीले हात भिजाई निधारदेखि पछाडिसम्म स्पर्श) गर र आफ्ना खुट्टा गोली गाँठोदेखि छेपारीसम्म धोऊ र यदि तिमी अपवित्र छौ भने स्नान गर र यदि तिमी बिरामी छौ वा यात्रामा छौ वा तिमीहरूमध्ये कोही शौचालयबाट (दिशाबाट निवृत भएर) आएको छ वा तिमीले स्वास्नीसँग सहवास गरेका छौ र तिमीलाई पानी उपलब्ध छैन भने पवित्र माटोलाई स्पर्श गरी हात र मुखको मसह (स्पर्श) गर । अल्लाहले तिमीलाई अप्ठ्यारोमा पार्न चाहँदैन, बरु त्यो तिमीलाई पवित्र गर्न चाहन्छ र आफ्नो असीम कृपा तिमीलाई प्रदान गर्न चाहन्छ जसबाट तिमी कृतज्ञ भई नै रह । (सूरतुल् माइदा ६)

त पवित्रता बाहेक अरु कुनै कुरा अल्लाहले यस कथनमा वर्णन गरेका छैनन्, र यसमा वजूलाई वर्णन गरेका छैनन् । र यो यस कारण पनि किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले जुन

मान्छेलाई स्नान गर्नुको लागि पानी दिनु भएको थियो त्यसलाई भन्नु भएको थियो कि:

" أذهب فافرغه عليك" ) جزء من حديث طويل أخرجه البخاري ، كتاب التيمم ، باب الصعيد الطيب وضوء المسلم ، رقم (344).

अर्थ : जाऊ, र त्यसलाई (पानीलाई) आफूमाथि हाल । (एउटा लामो हदीसको यो अंश हो जसलाई इमाम बुखारीले वर्णन गर्नु भएको छ, किताबुत्तयम्मुम, बाबुस्सईदित्तयिबि वजूउल् मुस्लिम, हदीस नं. ३४४)

र यहाँ उहाँ सल्लल्लाहो अलैहे वसल्लम वजूलाई वर्णन गर्नु भएन । र उपरोक्तमा वर्णित हदीसको अंशलाई बुखारीले इम्रान बिन हुसैनको माध्यमले वर्णन गरेका छन् जुन लामो हदीस छ ।

त मेरो दृष्टिमा जुन कुरा शैखुल् इस्लाम इब्ने तैमियाले भन्नु भएको छ त्यो नै सही कथन हो कि स्नानगर्दा यदि मान्छे ठूलो अपवित्रताबाट पवित्रता प्राप्त गर्ने नीयत गर्छ भने त त्यो सानो

अपवित्रताबाट पवित्रताको लागि पनि पर्याप्त भइहाल्छ ।

त यस कथनानुसार स्नानलाई अनिवार्य गर्ने कुरा र वजूलाई भंग गर्ने कुराहरू भिन्न भिन्न छन् ।

## जनाबत (वीर्य पतनद्वारा उत्पन्न हुने अपवित्रता) सित सम्बन्धित हुकुमहरू

प्रश्नः (७८) आदरणीय शैख ज्यू, तपाईले स्नानलाई अनिवार्य गर्ने कुराहरूमध्ये जनाबत (वीर्य पतनद्वारा उत्पन्न हुने ठूलो अपवित्रता) लाई पनि वर्णन गर्नु भयो, त अब यो बताउनुस् कि त्यससित सम्बन्धित हुकुम र कुराहरू के के हुन् ?

उत्तरः जनाबतसित सम्बन्धित कुरा र हुकुमहरू निम्न हुन्ः

पहिलोः यस्तो ठूलो अपवित्रताको अवस्थामा भएको मान्छेमाथि अनिवार्य नमाज नफिली नमाज र जनाजाको नमाज पनि पढ्नु हराम छ ।

दोस्रोः त्यसमाथि बैतुल्लाहको तवाफ गर्नु पनि हराम छ ।

तेस्रोः पवित्र ग्रन्थ कुरआनलाई स्पर्श गर्नु पनि हराम छ ।

चौथोः बिना वजू त्यसलाई मस्जिदमा रुक्नु हराम छ ।

पाँचौंः बिना स्नान गरिकन् त्यसको लागि कुरआनको पाठन गर्नु हराम छ । त यी पाँच हुकुमहरू हुन् जुन जनाबतको अवस्थामा भएको मानिससित सम्बन्धित छन् ।

## पवित्रताको सन्दर्भमा शंका सन्देहको प्रभाव

प्रश्नः (७९) आदरणीय शैख ज्यू, पवित्रतासित संलग्न कुराहरूमध्ये शंका सन्देह पनि हो, त पवित्रतामा शंका सन्देहको के अर्थ हो ? र यो कहिले प्रभावशाली हुन्छ ?

उत्तर: पवित्रताको सन्दर्भमा सन्देह दुई प्रकारको हुन्छ:

पहिलो: अपवित्रतामा विश्वास र यकिन भए पश्चात त्यसमा सन्देह हुनु ।

दोस्रो: पवित्रतामा विश्वास पश्चात अपवित्र हुनुको शंका हुनु ।

त रहृयो पहिलो थरी अर्थात अपवित्रतामा विश्वास र यकिन पश्चात त्यसबारे सन्देहमा पर्नु, त यदि मान्छेलाई यो शंका भयो कि त्यस पश्चात अर्थात अपवित्रता पश्चात त्यसले वजू गरेको छ कि वजू गरेको छैन, तर त्यसलाई यो दृढ विश्वास छ कि त्यो अपवित्र भएको थियो, तर त्यसलाई सन्देह यस कुरामा छ कि त्यस अपवित्रता पश्चात त्यसले वजू गरेको थियो वा गरेको थिएन । त यस्तो अवस्थामा हामी यस्तो मान्छेसित भन्छौं कि जसमाथि पूर्ण विश्वास छ त्यसैलाई आधार मानेर पुन: वजू गर, र यो मानिहाल कि तिमीले वजू गरेका छैनौ ।

र यसको उदाहरण हो कि कुनै मानिस जुहरको अजान भए पश्चात यस शंकामा पर्यो कि चाश्तको समय त्यसको वजू भंग भएको थियो त त्यसले वजू गरेको थियो वा वजू गरेको थिएन अर्थात लगभग दश बजेको समय त्यसको वजू भंग भएको थियो तर त्यसलाई जुहरको समय यो शंका छ कि त्यसले त्यस समय वजू गरेको थियो वा गरेको थिएन । त यस्तो अवस्थामा हामी यस्तो मान्छेसित भन्छौं कि तिमीलाई जस कुरामाथि विश्वास होस् त्यसैलाई आधार मान, अर्थात यो मान कि तिमीले वजू गरेका छैनौ किनकि तिमीलाई वजू गर्नु नगर्नुमा नै सन्देह छ तर अपवित्रतामा विश्वास छ त अब तिमीमाथि वजू गर्नु अनिवार्य छ किनकि त्यसमाथि तिमीलाई विश्वास छ र शंका त मात्र वजू गर्नु नगर्नुमा छ ।

र रह्यो दोस्रो थरीः पवित्रतामा विश्वास भए पश्चात अपवित्र हुनु नहुनुमाथि शंका हुनुको, त यस अवस्थामा पनि हामी यो भन्छौं कि जसमाथि विश्वास छ त्यसैलाई आधार मान, र आफूलाई

पवित्र नै ठान किनकि तिमीलाई पवित्रतामा विश्वास छ र अपवित्रतामा शंका छ ।

र यसको उदाहरण हो: कि कुनै मान्छेले १० बजे वजू बनायो, अनि जब जुहरको समय भयो त त्यसलाई सन्देह भयो कि त्यसको वजू भंग भएको छ वा भंग भएको छैन । त यस्तो मान्छेसित हामी भन्छौं कि तिमी पवित्रताको अवस्थामा नै छौ, तिमीमाथि वजू गर्नु जरुरी छैन, किनकि विधि छ कि: कुराहरू आफ्नो मूल अवस्थामा नै रहन्छन् । र यस कुरामाथि हदीस पनि प्रमाणीकरण गरिरहेको छ जसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेको बारेमा भन्नु भयो जसलाई नमाजको अवस्थामा यो शंका भइहालोस् कि त्यसको पेटबाट केही निस्केको छ वा निस्केको छैन:

" لا يخرجن من المسجد حتى يسمع صوتاً أو يجد ريحاً" أخرجه البخاري ، كتاب الوضوء ، باب لا يتوضأ من الشك حتى يستيقن ، رقم (137)، ومسلم ، كتاب الحيض، باب

الدليل على أن من تيقن الطهارة ، ثم شك في الحدث، رقم (361).

अर्थ : त्यो मान्छे (मस्जिदबाट) तबसम्म ननिस्कोस् यहाँसम्म कि त्यो हवा खुल्नुको अवाज नसुनोस् वा हवा खुल्नुको दुर्गन्ध नपाओस् । ( बुखारी, किताबुल् वजू, बाबु ला यत्वज्जउ मिनश्शक्के हत्ता यस्तैकिन, हदीस नं. १३७ । र मुस्लिम, किताबुल् हैज, बाबुद्दलीलि अला अन्ना मन् तयक्कनत्तहारह सुम्मा शक्का फिल् हदस, हदीस नं. ३६१)

र यदि मान्छेलाई कुनै कार्य गर्नेबारे शंका भइहालोस् वा पवित्रताको कुनै अंशलाई गर्नुमा शंका भइहालोस्, जसरी मान्छेलाई यो सन्देह भइहालोस् कि त्यसले आफ्नो अनुहार धोएको छ वा धोएको छैन, वा आफ्नो हात धोएको छ वा धोएको छैन ... आदि । त यो चार अवस्थाबाट विरक्त हुँदैन:

पहिलो अवस्था: यो कि त्यो मात्र भ्रम होस् जुन त्यसको हृदयमा उत्पन्न भएको होस् कि त्यसले

आफ्नो हात धुलेको छ वा धुलेको छैन, र धुल्ने कुरा एवं नधुल्ने कुरा एकनास छैनन्, अर्थात नधुल्नुको मात्र भ्रम नै छ जुन त्यसको हृदयमा उत्पन्न भएको छ, त त्यो यस ख्याल र भ्रमतिर प्रवृत्त हुँदैन किनकि यो मात्र भ्रम नै हो ।

दोस्रो अवस्था: यो कि मान्छे अत्याधिक शंका गर्नेवाला होस्, यसर्थ त्यो जहिले पनि वजू गर्छ शंका गर्छ, अर्थात जब आफ्नो पाइला धुल्छ त त्यसलाई सन्देह भइहाल्छ कि त्यसले टाउकोको मसह गरेको छ वा गरेको छैन, वा कानको मसह गरेको छ वा गरेको छैन, वा हात धुलेको छ वा धुलेको छैन ? त यस्तो मान्छे पनि आफ्नो शंकातिर प्रवृत्त हुँदैन र त्यसलाई कुनै महत्व दिदैन ।

तेस्रो अवस्था: यो कि वजू बनाए पश्चात शंका उत्पन्न भएको होस्, यसर्थ जब त्यो वजू बनाइसक्यो त त्यसलाई शंका भयो कि के त्यसले आफ्नो खुट्टा पखालेको छ वा पखालेको छैन ? वा आफ्नो टाउकोको मसह गरेको छ वा मसह गरेको छैन, वा आफ्नो कानको मसह गरेको छ

वा मसह गरेको छैन । त यस्तो मान्छे पनि यस्तो शंकालाई कुनै महत्व दिदैन, यस अवस्था बाहेक कि त्यसलाई यो विश्वास होस् कि त्यसले वास्तवमा त्यस अंगलाई धोएको छैन । त जस कुरामाथि त्यसलाई यकिन होस् त्यसै बमोजिम त्यो कार्य गरोस् ।

त उपरोक्तका तीनवटै अवस्थामा शंकाको कुनै महत्व छैन, नत त्यसतिर प्रवृत्त नै हुनुपर्छ । अर्थात मात्र भ्रम हुने अवस्थामा र धेरै शंका गर्ने मान्छेको शंका उत्पन्न भएमा, र वजू गरे पश्चात शंका उत्पन्न हुने अवस्थामा ।

चौथो अवस्थाः यो कि वास्तवमा शंका भएको होस्, र मान्छे नत धेरै शंका गर्नेहरूमध्येको होस् नत पूजा समाप्त भए पश्चात शंका उत्पन्न भएको होस्, त यस्तो अवस्थामा त्यो विश्वास र यकिनलाई आधार मानेर त्यस कार्यलाई गरोस् जुन होः त्यस कुराको नपाइनु, अर्थात त्यो यो मानोस् कि त्यसले त्यस अंगलाई धोएको छैन जसबारे त्यसलाई शंका भएको छ । अनि त्यो

त्यस अंगलाई धोओस्, अनि त्यस अंग पश्चात जुन अंगहरूलाई धोइन्छ तिनीलाई पनि धोओस् ।

र यसको उदाहरण हो कि यदि मान्छे मसहगर्दा यस सन्देहमा परोस् कि त्यसले कुल्ला गरेको छ वा कुल्ल गरेको छैन, वा यस सन्देहमा परोस् कि त्यसले नाकमा पानी हालेको छ कि छैन, र यो मान्छे अत्याधिक शंका गर्नेवाला पनि छैन, र यो शंका वास्तवमा शंका हो मात्र संकोच र भ्रम होइन । त यस्तो मान्छेलाई हामी भन्छौं कि: तिमी पल्टेर कुल्ला गर र नाकमा पानी हाल, अनि आफ्नो हातलाई धोएर टाउकोको मसह गर, र हामीले त्यसमाथि यो अनिवार्य गऱ्यौं कि हातलाई पनि धोओस् जबकि त्यसले हातलाई धोएको थियो तरतीबको कारण, अर्थात वजू क्रमिक तरिकाले गर्नु अनिवार्य हुनुको कारण उस्तै जसरी कि अल्लाहले क्रमिक तरिकाले वर्णन गरेको छ । र यस कारण पनि किनकि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम सफा पर्वतमाथि आएका थिए त भनेका थिए:

" ابدأ بما بدأ الله به" ( أخرجه مسلم ، كتاب الحج ، باب حجة النبي صلى الله عليه وسلم، رقم (1218)، وهو جزء من حديث جابر العظيم في وصف حجة النبي صلى الله عليه وسلم)

अर्थ : म त्यसैबाट आरम्भ गर्दछु जसबाट अल्लाहले आरम्भ गरेको छ । (मुस्लिम, किताबुल् हज्ज, बाबु हज्जतुन्नबी सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १२१८, र यो हदीस हजरत जाबिरले वर्णन गरेको त्यस विशाल हदीसको अंश हो जसमा उहाँ रजिअल्लाहो अन्होले नबी सल्लल्लाहो अलैहे वसल्लमको हज्जको तरिकालाई वर्णन गरेका छन्)

त यो नै पवित्रताको सन्दर्भमा शंका सन्देहको अवस्था हो ।

## हुकुमीय अपवित्रता (गन्दगी) का थरी र त्यसको अर्थ

प्रश्न: (८०) आदरणीय शैख ज्यू, हुकुमीय फोहोरता (गन्दगी) के के हुन् ? र त्यसको अर्थ के हो ?

उत्तर: हुकुमीय गन्दगी ती समस्त हुन् जुन पवित्र ठाउँमा आइपरुन्, त हामीमाथि यो अनिवार्य छ कि हामी त्यसलाई धोऔं, र त्यस ठाउँलाई त्यसबाट पवित्र पारौं जबकि त्यसबाट पवित्र पार्नु आवश्यक होस् । र त्यसलाई पवित्र र स्वच्छ गर्ने विधि र तरिका त्यसको अवस्था अनुसार भिन्न भिन्न हुन्छ । त यदि त्यो अपवित्रता र गन्दगी धरतीमाथि होस् भने त्यस गन्दगीलाई हटाएर यदि त्यो हटाउने खालको छ त्यसमाथि पानी हाल्नु पर्याप्त हुन्छ, किनकि जब एउटा मान्छेले मस्जिदको एउटा कुनामा पिशाब गऱ्यो त रसूल सल्लल्लाहो अलैहे वसल्लमले सहाबाहरूसित भन्नु भयो:

"دعوه ، وهريقوا على بوله سجلاً من ماء" (أخرجه البخاري ، كتاب الوضوء، باب صب الماء على البول في المسجد، رقم (220).

अर्थ : त्यसलाई पिशाब फेर्न देऊ, अनि त्यसमाथि एक दलव (बाल्टी) पानी हालिदेऊ । (बुखारी, किताबुल् वजू, बाबु सब्बिल् माए अलल् बौले फिल् मस्जिद, हदीस नं. २२०)

त यदि अपवित्रता जमिनमाथि छ भने त्यस गन्दगीको मूल तथ्यलाई हटाउन सकिन्छ भने त्यसलाई फालेर त्यस स्थानमाथि एक बाल्टी पानी हाले पशचात त्यो पवित्र भइहाल्छ, र यस्तो गर्नु पर्याप्त हुन्छ ।

दोस्रो: र यदि गन्दगी धरती बाहेकमाथि होस्, र त्यो हो कुकुरको गन्दगी र अपवित्रता त त्यसलाई अनिवर्यरूपले सात पटक धोएर पवित्र गर्नुपर्छ जसमध्ये एक पटक माटोले धोउनु पर्छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" إذا ولغ الكلب في إناء أحدكم فليغسله سبعاً إحداهن بالتراب" الحديث متفق عليه بدون قوله: "إحداهن بالتراب". أخرجه البخاري رقم (172) كتاب الوضوء، باب إذا شرب الكلب في إناء أحدكم، رقم (172). ولفظه " إذا شرب الكلب في إناء أحدكم فليغسله سبعاً". ومسلم، كتاب الطهارة ، باب حكم ولوغ الكلب ، رقم )279(، وفيه "أولاهن بالتراب".أما رواية إحداهن بالتراب فأخرجها النسائي في السنن الكبرى (78/1).

अर्थ : जब तिमीहरूमध्ये कसैको वर्तनमा ( भाँडामा) कुकुर आफ्नो मुख हालिदेओस्, त त्यस भाँडालाई मान्छे सात पटक धोओस् जसमध्ये एक पटक माटो प्रयोग गरेर पनि धोओस् । (यस हदीसलाई बुखारी र मुस्लिमले वर्णन गरेका छन् यस शब्दलाई बिना वर्णन गरिकन्: ( "إحداهن بالتراب") । बुखारी, किताबुल् वजू, बाबु इजा शरेबल् कल्बु फि इनाए अहदेकुम, हदीस नं. १७२, र उनले वर्णन गरेको उदधृत यो हो: "तिमीहरूको

बर्तनमा यदि कुकुरले आफ्नो मुख हालोस् भने त्यसलाई सात पटक पखाल्नु" । र मुस्लिम, किताबुत्तहारह, बाबु हुक्मु वलूगिल् कल्बे, हदीस नं. २७९, र उनले यस हदीसमा यो शब्द वर्णन गरेका छन् ("أولاهن بالتراب") अर्थात ती सातमध्ये पहिलो पटक माटोले धुल्नु पर्छ । र रह्यो हामीले वर्णन गरेको हदीसको शब्द ("إحداهن بالتراب") त यसलाई इब्ने माजाले वर्णन गरेका छन् सुननुल् कुब्रामा १/७८)

तेस्रोः र यदि गन्दगी नत जमिनमाथि होस् नत कुकुरको नै होस्, त यस्तो अपवित्रताको बारेमा सत्य कुरो यो नै हो कि त्यो जसरी पनि गइहालोस् पवित्र भइहाल्छ, चाहे एक पटक धुनुबाट वा त्यसभन्दा अधिकबाट । अर्थात जहिले पनि मान्छे त्यस गन्दगीबाट स्वच्छ भइहालोस् त्यो पवित्र भइहाल्छ । तर यदि अपवित्रता यति सानो बालकको होस् जुन अहिलेसम्म खाना खाँदैन त त्यसमाथि पानीको छिंटो मार्नु नै पर्याप्त हुन्छ, र त्यसलाई धोउनुको कुनै आवश्यकता छैन, किनकि

खाना नखाने बालक (शिशु) को अपवित्रता न्यूनतम् खालको अपवित्रता हो ।

## रजस्वला र प्रसूतिसित संलग्न समस्याहरू

प्रश्न: (८१) आदरणीय शैख ज्यू, रजस्वला र प्रसूतिसित संलग्न समस्याहरू र त्यसका हुकुमहरू के हुन् ?

उत्तर: रजस्वलाको बारेमा विद्हरूको यो कथन छ कि यो प्रकृतिक रगत हो, जुन प्रकृतिक तौरले युवतीहरूलाई आउँछ जब तिनीहरू गर्भवती हुने योग्य भइहाल्छिन्, र यो रगत निर्धारित समयमा नै आउँछ । र यो पनि भनेका छन् कि: अल्लाहले यस रगतलाई गर्भमा भएको शिशुको आहारको लागि उत्पन्न गर्छ । र यसै कारण जब महिलालाई गर्भअवस्था लाग्छ त अधिकांश महिलाहरूको रजस्वलाको रगत बन्द भइहाल्छ । यसर्थ जब महिलालाई रजस्वलाको रगत आउन आरम्भ हुन्छ त त्यससित धेरै हुकुमहरू संलग्न भइहाल्छन् जसमध्ये केही निम्न हुन्:

त्यसमाथि नमाज हराम भइहाल्छ, व्रत बस्नु हराम भइहाल्छ, रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन बमोजिम:

" أليس إذا حاضت لم تصل ولم تصم" ( أخرجه البخاري ، كتاب الحيض ، باب ترك الحائض الصوم ، رقم (304).

अर्थ : के यस्तो छैन कि जब महिलालाई रजस्वला आउँछ त नत त्यो नमाज नै कायम गर्छे नत व्रत नै बस्छे । (बुखारी, किताबुल् हैज, बाबु तरकिल् हाइजिस्सौम, हदीस नं. ३०४)

यसर्थ महिलाको लागि रजस्वलाको अवस्थामा यो जायज छैन कि त्यो नमाज पढोस् वा व्रत बसोस्, र यदि यस्तो अवस्थामा त्यो नमाज र व्रतको आयोजना पनि गरोस् भने त्यो पापको भागीदार हुन्छे, र त्यसको यो नमाज र व्रत स्वीकार्य पनि हुँदैन ।

दोस्रो: रजस्वलामा भएकी महिलाको लागि बैतुल्लाहको परिक्रमा गर्नु पनि हराम छ, किनकि

रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत आइशासित त्यस समय भन्नु भएको थियो जब उनीलाई रजस्वला आएको थियो कि:

" افعلي ما يفعل الحاج غير ألا تطوفي بالبيت"

(أخرجه البخاري ، كتاب الحيض ، باب تقضي الحائض المناسك كلها إلا الطواف بالبيت ، رقم (305)، ومسلم ، كتاب الحج، باب بيان وجوه الإحرام ، رقم (1211).

अर्थ : तिमी ती समस्त कार्यहरू गर जुन हाजीहरू गर्दछन्, तर बैतुल्लाहको तवाफ नगर्नु । (बुखारी, किताबुल् हैज, बाबु तक्जिल् हाइजुल् मनासिका कुल्लहा इल्लत्तवाफु बिल् बैत, हदीस नं. ३०५ । र मुस्लिम, किताबुल् हज्ज, बाबु बयाने वजूहिल् एहराम, हदीस नं. १२११)

र यस्तै जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित यो वर्णन गरियो कि सफीयह बिन्ते हुइई रजिअल्लाहो अन्हालाई रजस्वला आयो, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “के त्यसले हामीलाई रोकिराख्ने छे ?” किनकि उहाँ

सल्लल्लाहो अलैहे वसल्लमले यो गुमान गर्नु भयो कि हजरत सफीयहले तवाफे जियारत गर्नु भएको छैन, त जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई यो खबर दिइयो कि उहाँ रजिअल्लाहो अन्हाले तवाफे जियारत (इफाजा) गरिसक्नु भएको छ अनि त्यस पश्चात उनलाई रजस्वला आएको छ। त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "यसो भए सबै यताबाट नस्किहाल"।[1] त यस हदीसबाट यो निष्कर्ष निस्कन्छ कि यदि महिलाले तवाफे जियारत गऱ्यो, अनि यस पश्चात त्यसलाई रजस्वला आयो भने त्यसको हज्ज पूर्ण भयो चाहे त्यसलाई तवाफ गरे पश्चात सई गर्नुभन्दा अघि नै रजस्वला किन नआएको होस्, किनकि सई गर्नु रजस्वलाको अवस्थामा भएकी महिलाबाट पनि दुरुस्त छ।

र यस हदीसबाट यो ज्ञान पनि मिल्छ कि विदाईको तवाफ (तवाफे वदाअ) को बारेमा

[1] बुखारी, किताबुल हज्ज, बाबुज्जियारति यौमन्नहर, हदीस नं. १७३३। र मुस्लिम, किताबुल् हज्ज, बाबु वजूबे तवाफिल वदाअे वसुकूतहू अनिल् हाइज, हदीस नं. १२११।

रजस्वलामा भएकी महिलाको लागि छूट छ, जस्तो कि यस सन्दर्भमा हजरत अब्दुल्लाह बिन अब्बासले वर्णन गरेका हदीस अति प्रष्ट छ जसमा उहाँको वर्णन छ कि:

"أمر الناس أن يكون آخر عهدهم بالبيت إلا أنه خفف عن الحائض" ( أخرجه البخاري ، كتاب الحج ، باب طواف الوداع ، رقم (1755)، ومسلم ، كتاب الحج، باب وجوب طواف الوداع وسقوطه عن الحائض ، رقم (1328).

अर्थ : समस्त मानिसहरूलाई यो आदेश गरियो कि उनीहरूको मक्काको अन्तिम कार्य तवाफे वदाअ् होस्, तर रजस्वलामा भएकी महिलालाई यस कुरामा छूट प्रदान गरियो । (बुखारी, किताबुल् हज्ज, बाबु तवाफिल् वदाअ, हदीस नं. १७५५ । र मुस्लिम, किताबुल् हज्ज, बाबु वजूबु तवाफिल् वदाअे वसुकूतहू अनिल् हाइज, हदीस नं. १३२८)

यस्तै रजस्वलामा भएकी महिलाको लागि सम्भोग गर्नु पनि हराम छ । यसर्थ कुनै मान्छेको लागि यो

जायज छैन कि त्यो आफ्नो स्वास्नीसित रजस्वलाको अवस्थामा सहवास गरोस्, किनकि अल्लाहको फर्मान छः

﴿ وَيَسۡـَٔلُونَكَ عَنِ ٱلۡمَحِيضِۖ قُلۡ هُوَ أَذٗى فَٱعۡتَزِلُواْ ٱلنِّسَآءَ فِي ٱلۡمَحِيضِ وَلَا تَقۡرَبُوهُنَّ حَتَّىٰ يَطۡهُرۡنَۖ فَإِذَا تَطَهَّرۡنَ فَأۡتُوهُنَّ مِنۡ حَيۡثُ أَمَرَكُمُ ٱللَّهُۚ ﴾ البقرة: ٢٢٢

अर्थ : तपाईसित रजस्वला बारे सोध्छन् । भनिदिनु कि त्यो अपवित्र (रक्त) हो । तसर्थ रजस्वलाको समयमा स्वास्नीबाट अलग रहनु र जबसम्म तिनीहरू पवित्र हुँदैनन्, तिनको नजिक (सम्भोगका लागी) नजानु । हो, जब तिनी पवित्र भइहालुन्, तब तिमी उनको नजिक जाऊ जुन ठाउँबाट अल्लाहले तिमीलाई जाने आदेश गरेको छ । (सूरतुल् बकरः २२२)

त यस श्लोकबाट यो प्रष्ट हुन्छ कि मान्छेको लागि यो अवैध छ कि त्यो रजस्वलामा भएकी

महिलासित सम्भोग गरोस्, र त्यो त्यससँग तबसम्म सम्भोग नगरोस् जबसम्म कि त्यो रगत बन्द भएपछि स्नान नगरिहालोस् । त यहाँ पवित्रताको (فَإِذَا تَطَهَّرْنَ) अर्थ रजसवला समाप्त भए पश्चात स्नान गर्नु हो, जस्तो कि अल्लाहको आर्को ठाउँमा भनाई छः

﴿وَإِن كُنتُمْ جُنُبًا فَاطَّهَّرُوا﴾ المائدة: ٦

अर्थ : र यदि तिमी अपवित्र छौ भने स्नान गर...। (सूरतुल् माइदा ६)

तर मान्छेको लागि यो जायज छ कि यस अवस्थामा अर्थात रजस्वलाको अवस्थामा आफ्नो स्वास्नीलाई स्पर्श गरोस्, र त्यसको गुप्ताङ्ग बाहेक अरु कुराहरूबाट लाभान्वित होस् । त यस्तो गर्नु त्यस्तो मान्छेको वासनाको आगोलाई निमाइदिन्छ जुन स्वास्नीको रजस्वलाको अवस्थामा धैर्य धारण गर्न सक्दैन । र लाभान्वित हुनुको अर्थ हो गुप्ताङ्गमा सम्भोग गर्नु बाहेक समस्त कुरा गर्नु, र रह्यो कुरो गुदामा सम्भोग गर्नुको त यस्तो गर्नु

अत्याधिक हराम छ, र यो प्रत्येक अवस्थामा हराम नै हुन्छ चाहे महिला रजस्वलाको अवस्थामा होस् वा रजस्वलामा नहोस् ।

र रजस्वलाबाट उत्पन्न हुने समस्याहरूमध्ये यो पनि हो कि जब महिला नमाजको समयमा रजस्वलाबाट पवित्र भइहालोस् त त्यसलाई चाहियो कि स्नान गर्नुमा छिटो गरोस्, ताकि नमाजलाई त्यसको समय समाप्त हुनुभन्दा अघि नै आयोजित गर्न सकोस् । जसरी कि जब त्यो फज्र उदय हुने समय रजस्वलाबाट पवित्र भइहालोस्, अथवा सूर्य उदय हुनुभन्दा अघि पवित्र भइहालोस् त त्यसमाथि अनिवार्य छ कि स्नान गरेर फज्रको नमाजलाई त्यसको समयमा नै आयोजित गरोस् । र केही महिलाहरू यस विषयमा ढिला सुस्ती गर्छिन् र विशेषरूपले जाडोको मौसममा अत्याधिक सुस्ती गर्छिन् यहाँसम्म कि नमाजको समय समाप्त भइहाल्छ, त यस्तो गर्नु महिलाहरूको लागि वैध छैन, बरु यस्तो गर्नु अवैध छ । यसर्थ त्यसमाथि अनिवार्य

यो छ कि त्यो स्नान गरिहालोस् ताकि नमाजलाई त्यसको निर्धारित समयमा पढ्न सकोस् ।

र नमाजका निर्धारित समयहरूबारे सबैलाई ज्ञान छ जुन यी हुन्:

फज्रको समय: फज्र उदय हुनेदेखि सूर्य उदयसम्म हो ।

जुहरको समय: सूर्य ढल्किनुदेखि प्रत्येक वस्तुको छाया त्यसको बरोबर हुनुसम्म हो ।

अस्रको समय: जुहरको समय समाप्तिदेखि सूर्य पहेलो हुनुसम्म, यो त्यसको श्रेष्ठ समय हो । र सूर्य अस्तसम्म आवश्यकता परेको मान्छेको लागि त्यसको समय हो ।

मग्रिबको समय: सूर्य अस्त हुनुदेखि क्षितिजमा छाएको लाली समाप्त हुनुसम्म ।

इशाको समय: मग्रिबको समय समाप्त हुनेदेखि मध्य रात्रीसम्म । र मध्य रात्री पश्चात इशाको नमाज पढिदैन किनकि त्यसको समय समाप्त भयो, यस अवस्था बाहेक कि मान्छे सुतेको होस्

वा नमाजलाई बिर्सेको होस् त त्यसको समय त्यही हो जब त्यसलाई चेतना भइहालोस्, जस्तो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

"من نام عن صلاته أو نسيها فليصلها إذا ذكرها" أخرجه البخاري ، كتاب مواقيت الصلاة ، باب من نسي صلاة فليصل إذا ذكر ، رقم (597)، ومسلم ، كتاب المساجد ، باب قضاء الصلاة الفائتة ، رقم (684)، واللفظ له)

अर्थ : जुन व्यक्ति नमाजको समयमा सुतेको होस् वा त्यसलाई बिर्सेको होस् त जब त्यसलाई यसको याद आओस् त तुरुन्तै त्यसलाई पढिहालोस् । ( बुखारी, किताबु मवाकीतुस्सलात, बाबु मन् नसिया सलातन् फल्यस्सले इजा जकरा, हदीस नं. ५९७ । र मुस्लिम, किताबुल् मसाजिद, बाबु कजाइस्सलातिल् फाइता, हदीस नं. ६८४, र हदीसका शब्दहरू यिनैका हुन्)

र त्यो रगत जुन महिलाहरूबाट बग्दछ वास्तवमा त्यसलाई रजस्वलाको रगत मानिन्छ यदि महिला

रजस्वला आउने उमेरसम्म पुगिसकेको छे भने, यस्तो अवस्था बाहेक कि कुनै अरु कुराको प्रत्यक्ष पुष्टि भइहालोस् जसरी यस कुराको पुष्टि भइहालोस् कि यो रगत कुनै नसाको विकारताको कारण बगिरहेको छ, र यो रजस्वलाको रगत होइन, जसरी अपरेशन पश्चात निस्कने रगत, वा अपरेशन विग्रने कारण आउने रगत जसद्वारा यो स्पष्ट र छर्लङ भइहालोस् कि यो प्रकृतिक मासिक धर्मको रगत होइन, त यस्तो अवस्थामा यस रगतलाई रजस्वलाको रगत मानिदैन । र यदि यो रगत निरंतर बग्दैरहोस् यहाँसम्म कि पूर्ण महिना निरंतर रहोस् त यसलाई इस्तेहाजाको रगत भनिन्छ, र महिला त्यसलाई मात्र त्यति दिन नै रजस्वलाको रगत मान्दछे जति दिन यस रगतभन्दा पहिला त्यसलाई रजस्वलाको रगत आउँथ्यो, यसर्थ महिला रजस्वलाको गन्तीको अवधि जति दिन नमाज व्रतलाई आयोजित गर्दैन, अनि त्यस पश्चात स्नान गरेर नमाज र व्रतको आयोजना गर्छे यद्यपि रगत बग्दै रहोस् ।

र रजस्वला एवं प्रसूतिसित सम्बन्धित हुकुमहरूमध्ये यो पनि हो कि मान्छेको लागि यो जायज छैन कि त्यो आफ्नो स्वास्नीलाई रजस्वलाको अवस्थामा पारपाचुके (तलाक) देओस्, र यदि त्यो यस्तो गर्छ भने त्यो पापी हुन्छ, र त्यसमाथि यो अनिवार्य भइहाल्छ कि त्यो स्वास्नीसित रुजूअ् गरोस् अर्थात त्यसलाई आफ्नो त्यसै निकाहमा फर्काइहालोस्, यहाँसम्म कि त्यो यस अवस्थाबाट पवित्र भइहालोस्, अनि यदि त्यसलाई पारपाचुके दिनुछ भने त्यसलाई यस्तो पवित्रताको अवस्थामा पारपाचुके देओस् जस पवित्रतामा त्यससित सहवास नगरेको होस्, किनकि बुखारी र मुस्लिमको हदीसबाट यो प्रमाणित छ कि हजरत अब्दुल्लाह बिन उमरले आफ्नो स्वास्नीलाई रजस्वलाको अवस्थामा पारपाचुके दिनु भयो, त यस कुरालाई हजरत उमर रजिअल्लाहो अन्होले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित चर्चा गर्नु भयो, त रसूल सल्लल्लाहो अलैहे वसल्लम यस कार्यबाट क्रोधित भएर भने:

( " مره فليراجعها ثم ليطلقها طاهراً أو حاملاً"

أخرجه مسلم ، كتاب الطلاق ، باب تحريم طلاق الحائض بغير رضاها ، رقم (1471).

अर्थ : त्यसलाई यो आदेश गर कि त्यो त्यसबाट रुजूअ् गरोस्, अनि त्यसलाई पवित्रताको अवस्थामा वा गर्भवती भएको अवस्थामा पारपाचुके देओस् । (मुस्लिम, किताबुत्तलाक, बाबु तहरीमु तलाकिल् हाइजे बेगैरे रेजाहा, हदीस नं. १४७१)

र अधिकांश मानिसहरू यस विषयमा जल्दबाजी गर्छन् अल्लाह हामीलाई उनीहरूलाई मार्गदर्शित गरोस् । यसर्थ आफ्नो स्वास्नीलाई रजस्वलाको अवस्थामा पारपाचुके दिइहाल्छन्, वा यस्तो पवित्रताको अवस्था पारपाचुके दिन्छन् जस पवित्रतामा उनीसित सहवास गरेका हुन्छन् र त्यसको गर्भ स्पष्ट हुनुभन्दा अघि नै तलाक दिइहाल्छन् । त पारपाचुकेका यी समस्त तरिकाहरू हराम छन्, र मान्छेमाथि अनिवार्य त यो छ कि अल्लाहसित यसबारे तौबा गरोस् र

आफ्नो स्वास्नीलाई आफ्नो साथ नै राखोस् जसलाई यस्तो अवस्थामा पारपाचुके दिएको छ ।

र रजस्वला र सुत्केरीसित सम्बन्धित समस्याहरूमध्ये यो पनि हो कि प्रसूतिको अवस्थामा भएकी महिला यदि चालीस दिनभित्रै पवित्र भइहालोस् त त्यसमाथि यो अनिवार्य छ कि त्यो स्नान गरेर नमाज व्रतको आयोजन गरोस् किनकि त्यो पवित्र महिलाहरू सरह भइहाल्यो, र अब त्यससित सम्भोग गर्नु पनि वैध भयो । यसर्थ त्यसको स्वामीको लागि यो जायज छ कि अब त्यससित सम्भोग गरोस् यद्यपि त्यसले चालीस दिन पूर्ण गरेको छैन, किनकि जब त्यसको लागि नमाज पढनु जायज भयो त त्यससित सम्भोग गर्नु पनि जायज भयो ।

र रजस्वला र सुत्केरीसित सम्बन्धित समस्याहरूमधये यो पनि हो कि रजस्वला अथवा सुत्केरीबाट पवित्र भएकी महिलाको लागि स्नान गर्नु अनिवार्य भयो, जसरी कि हामीले यसलाई अघि नै वर्णन गरें । र रजस्वला एवं सुत्केरीका अति धेरै समस्या र निर्देशन एवं हुकुमहरू छन्

तर हामी यतिमा नै आफ्नो कुरा समाप्त गर्दछौं कदाचित यति जानकारी नै पर्याप्त भइहालोस्, यदि अल्लाहले चाह्यो ।

## जब महिलालाई रगत नआओस्

**प्रश्नः (८२) आदरणीय शैख ज्यू, जब महिला प्रसूतिबाट पवित्र भइहालोस् वा त्यसलाई प्रसूतिको रगत नै नआओस् त के त्यो प्रसूतिवाली महिलाको हुकुममा मानिन्छ ?**

उत्तरः जब प्रसूतिको अवस्थामा त्यसबाट रगत नबगोस् त त्यसमाथि प्रसूतिमा भएकी महिलाहरूको हुकुम लागू हुँदैन, नत त्यसमाथि कुनै कुरा छ, बरु त्यो स्नान गरेर नमाज कायम गर्छे, र त्यसमाथि नत नमाज हराम हुन्छ नत व्रत बस्नु ।

## हज्जगर्दा रजस्वलालाई रोक्नुको लागि औषधि प्रयोग गर्नु

प्रश्नः (८३) आदरणीय शैख ज्यू, के कुनै महिलाको लागि यो जायज छ कि त्यो गोलीहरूको सेवन गरोस् जसलेगर्दा त्यसलाई हज्ज गर्ने अवधिमा रजस्वला नआओस् ताकि त्यो पूर्णरूपले हज्ज सम्पन्न गरोस्, जसरी रजस्वलालाई रोक्ने गोली वा अरु कुनै औषधिको प्रयोग गरोस् ?

उत्तरः यस समस्यामा मूल कुरो यो नै हो कि यस्तो गर्नु जायज छ, र महिलाको लागि यो जायज छ कि त्यो यस्तो औषधि प्रयोग गरोस् जसद्वारा त्यसको रजस्वला नआओस्, यदि यो त्यसको लोग्नेको रजामन्दीले हुन्छ । तर मलाई केही चिकित्सकहरूको माध्यमले यो खबर पुगेको छ कि यस्ताखालका औषधिहरू महिलाहरूको लागि अति हानिकारक हुन्छन् र त्यसको गर्भाशय र रगतको लागि पनि अति हानिकारक हुन्छन्, बरु एउटा चिकित्सकले मसित यहाँसम्म भनेको छ किः यदि यस्ताखालका औषधिहरूलाई कुमारी बालिका प्रयोग गरोस् भने यो त्यसको बाँझपनाको कारण बनिहाल्छ, यसर्थ त्यो बाँझ भइहाल्छे । त यो अति घातक कुरो हो, र जुन

डाक्टरहरूले भनेका छन् त्यो असामान्य पनि छैन, किनकि रजस्वलाको रगत प्रकृतिक रगत हो, त जब यी औषधिहरूद्वारा मान्छे त्यसलाई रोक्ने प्रयत्न गर्छ त त्यो प्रकृतिको विरोध गरिरहेको हुन्छ, र यस कुरामा कुनै सन्देह छैन कि प्रकृतिको विरोध शरीरको लागि हानिकारक हुन्छ, किनकि यसको कारण त्यो रगत रुकिहाल्छ जुन प्रकृतिक तौरले महिलालाई आउँदै गर्छ । त यी कारणहरूलेगर्दा म समस्त मुसलमान महिलाहरूलाई यो उपदेश गर्दछु कि यस्ताखालका औषधिहरूको प्रयोगलाई त्यागिदिउन्, र यसलाई नत रमजानमा प्रयोग गरुन् नत त्यस बाहेकका दिनहरूमा ।

तर हज्ज र उमरागर्दा कदाचित कहिलेकाहिँ यसको आवश्यकता आइपर्छ कि महिला यसको प्रयोग गरोस्, त यो समयिक प्रयोग हो, बरु कदाचित महिला यस पश्चात फेरि कहिले पनि आफ्नो पूर्ण जीवनमा प्रयोग नगरोस्, त यसलेगर्दा मेरो दृष्टिमा यस विषयमा अर्थात हज्ज

र उमरामा यसको सेवन गर्नुमा कुनै आपत्ति र हानि छैन ।

## जब यस्ता औषधिहरूको हानि प्रमाणित भइहालोस् त त्यसको सेवनको के हुकुम छ ?

प्रश्नः (८४) आदरणीय शैख ज्यू, तर जब यस्ता औषधिहरूको हानि प्रमाणित भइहालोस् त त्यसको सेवनको के हुकुम छ ?

उत्तरः जब यसको हानिकारकता प्रमाणित भइहालोस्, त यो ज्ञात नै छ कि जसको सेवनको हानि प्रमाणित भइहालोस् त्यसको सेवन गर्नु जायज छैन, किनकि अल्लाहको फर्मान छः

﴿ وَلَا تَقْتُلُوٓاْ أَنفُسَكُمْۚ إِنَّ ٱللَّهَ كَانَ بِكُمْ رَحِيمًا ٢٩ ﴾

النساء: ٢٩

अर्थ : र आफूलाई आफै नमार, र यसमा कुनै सन्देह छैन कि अल्लाह तिमीमाथि धेरै कृपालु छ । (सूरतुन्निसा २९)

र अमर बिन आस रजिअल्लाहो अन्होले अल्लाहको यसै कथनबाट प्रमाण लिनु भयो जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँसित यो प्रश्न गर्नु भयो कि: “के तिमीले आफ्नो साथीहरूलाई ठूलो अपवित्रताको अवस्थामा नै नमाज पढायौ ?” र कुरो यो थियो कि अमर बिन आस रजिअल्लाहो अन्हो अति शीतल र ठंढ भएको रात्रीमा अपवित्र भए अनि उहाँ रजिअल्लाहो अन्होले तयम्मुम गरेर आफ्ना साथीहरूलाई नमाज पढाए । त जब नबी सल्लल्लाहो अलैहे वसल्लमले उहाँसित यो भन्नु भयो कि: “के तिमीले आफ्नो साथीहरूलाई ठूलो अपवित्रताको अवस्थामा नै नमाज पढायौ ?” त उहाँ रजिअल्लाहो अन्होले भने: हे अल्लाहको रसूल मैले अल्लाहको यस कथनलाई स्मरण गरें:

﴿ وَلَا تَقْتُلُوٓاْ أَنفُسَكُمْۚ إِنَّ ٱللَّهَ كَانَ بِكُمْ رَحِيمًا ٢٩ ﴾

النساء: ٢٩

अर्थ : र आफूलाई आफै नमार, र यसमा कुनै सन्देह छैन कि अल्लाह तिमीमाथि धेरै कृपालु छ । (सूरतुन्निसा २९)

त रसूल सल्लल्लाहो अलैहे वसल्लम मुस्काए वा हाँस्नथाले, र यस्तो गर्नुको इकरार गरे ।[□] त यो हदीस यस कुरामा प्रमाणीकरण गरिरहेको छ कि जुन सुकै कुरा मान्छेको शरीरको लागि हानिकारक होस् त त्यसको प्रयोग त्यसको लागि जायज र वैध छैन ।

र अल्लाहको शान्ति अवतरित होस् अल्लाहका अन्तिम सन्देष्टा र त्यसका भक्त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती समस्त मानिसहरूमाथि जुन प्रलयसम्म उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नेछन् ।

समाप्त

[□] अबू दाऊद, किताबुत्तहारह, बाबु इजा खाफल् जुन्बुल् बरदा अयतयम्मम्, हदीस नं. ३३४ ।

अनुवादक

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

कपिलवस्तु नगरपालिका वार्ड नं. ९

महुवा तौलिहवा कपिलवस्तु नेपाल

विद्यार्थीः एम.ए. उम्मुल कुरा विश्वविद्यालय

पवित्र मक्का सउदी अरब

सम्पर्क नं.(00966-0501372254)

(00977-9814499140)